जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित)
Greater Nepal Weekly
साप्ताहिक

वर्ष ६ अंक ३५, २०७४ साल पुस ७ गते शुक्रबार, नेपाल संवत् ११३८ (Dec. 22, 2017) Website : www .greaternepal .com .np मूल्य रु. १० ।-

## लामाले करोडौं उठाए

काठमाडौं । नेपाल विद्युत प्राधिकरण प्रशासनिक निर्देशक विकासमान लामाको फुर्ति अहिले निकै बढेको छ । त्यसको कारण हो विद्युत प्राधिकरणका दर्जनौं अधिकृतहरुको भ्रष्टाचार र अकुत सम्पत्ति आर्जनमा अख्तियारको छानबिन । विद्युतका दर्जनौं वरिष्ठ अधिकारीहरुलाई अख्तियारले छानबिन थालेपछि कारबाहीबाट बच्न शक्तिकेन्द्रको खोजीमा दौडिरहेका बाह्रौं, एघारौं, दसौं तहका वरिष्ठ इन्जिनियरहरुलाई कारबाहीबाट बाँकी ८ पेजमा

## एमाले-माओवादी छलफलमा

काठमाडौं । नेकपा एमाले र माओवादी केन्द्रबीच आजबाट पार्टी एकतासँगै सिद्धान्त, नेतृत्व तथा पद बाँडफाँडको व्यवस्थापनबारे औपचारिक रुपमा छलफल सुरु भएको छ । निर्वाचन सकिने बित्तिकै पार्टी एकता गर्ने सहमतिसहित चुनावी तालमेल गरेका दुई दलले पार्टी एकतापछि नेतृत्व र अन्य पदीय बाँडफाँडको विषय टुंग्याउन छलफल थालेका हुन् । निर्वाचनअघि पार्टी एकता संयोजन समितिका अध्यक्षद्वयले सरकार र पार्टीको नेतृत्व एक अर्का पार्टीले आलोपालो गर्ने सहमति गरेका थिए ।

विशेषतः पदीय बाँकी ८ पेजमा

# राष्ट्रियसभा निर्वाचन विवाद उत्कर्षमा

काठमाडौं । प्रतिनिधिसभा विघटन भएपछि कांग्रेस नेतृत्वको सरकारले असोज अन्तिम साता शितलनिवासमा पेस गरेको राष्ट्रियसभासम्बन्धी अध्यादेश कानुन बन्न नसक्दा राष्ट्रियसभा गठनसँगै सरकार गठन कार्य अवरुद्ध बनिरहेको छ । राष्ट्रियसभा गठन एकल संक्रमणीय कि बहुमतीय भन्ने विवाद दलहरुबीच उत्कर्षमा पुगेको छ । सरकारले गत भदौ २८ गते राष्ट्रियसभा निर्वाचनसम्बन्धी विधेयक व्यवस्थापिका संसदमा पेस गरेको थियो । तत्कालीन गृहमन्त्री जनार्दन शर्माले पेस गरेको विधेयकमा प्रदेशसभा सदस्यको मतभार ४८ र नगरपालिका र गाउँपालिकाको प्रमुख, उपप्रमुखको मतभार १८ हुने व्यवस्थासहितको राष्ट्रियसभा निर्वाचनको व्यवस्था थियो ।

विधेयक ३ असोजमा संसदमा प्रस्तुत भई सामान्य छलफल भएको थियो । तर दफावार छलफल समितिमा हुन पाएन । त्यसबेला संसदको आयु सकिन लागेको थियो र दसैं तिहार छठ जस्ता चाडपर्व नजिकिँदै थिए । सरकारले प्रतिनिधिसभा र प्रदेशसभा विधेयकलाई प्राथमिकतामा राखेका कारण राष्ट्रियसभा निर्वाचनसम्बन्धी विधेयक व्यवस्थापिका संसदको राज्य व्यवस्था समितिमा प्रवेश नै पाएन । राष्ट्रपति तथा उपराष्ट्रपति निर्वाचनसम्बन्धी विधेयकसँगै संसदमा आएको राष्ट्रियसभा सदस्यको निर्वाचनसम्बन्धी विधेयकमाथि परेका संशोधन प्रस्तावलाई सदनमै एकमुस्ट छलफल गरेर टुंगो लगाउने सरकारी तयारी थियो । संसदको कार्यसूचीमा राष्ट्रियसभा विधेयक पारित गर्ने विषय परे पनि त्यसमा दलीय सहमति नहुँदा टुंगो लाग्न सकेन ।

कांग्रेसले एकल संक्रमणीय मतका आधारमा राष्ट्रियसभा गठन हुनुपर्ने अडान लिएको थियो भने प्रतिपक्षी दल एमालेले संविधानमा एकल संक्रमणीय मत प्रणालीको व्यवस्था नरहेकाले बहुमतीय आधारमै राष्ट्रियसभाको निर्वाचन गर्नुपर्ने अडान लिएको थियो । सरकारले संसद विघटन भएपछि १ कात्तिकमा राष्ट्रियसभा सदस्य निर्वाचनसम्बन्धी विधेयक राष्ट्रपतिसमक्ष पेस गरेको थियो । एमाले र माओवादी केन्द्रसँग कुनै छलफल नगरी सरकारले अध्यादेशमा एकल संक्रमणीय प्रणाली राखेकाले त्यो अहिले विवादित बनेको हो ।




अध्यादेश ल्याउँदाको परिस्थिति र हालको परिस्थिति फरक भएका कारण पनि एमाले र माओवादी केन्द्रले विधेयकको विरोध गरेका हुन् । प्रतिनिधिसभा र प्रदेशसभाको हालै सम्पन्न निर्वाचनमा एमाले र माओवादीले दुईतिहाई निकट मत पाएका छन् भने कांग्रेस समानुपातिक मतको साखमा मात्र गर्वित हुन पुगेको छ ।

राष्ट्रियसभाको समेत निर्वाचन गराउने दायित्व बोकेको निर्वाचन आयोगसमेत एकल संक्रमणीय पद्धतिबारे बेखबर छ । आयोगले प्रत्यक्ष र समानुपातिकतर्फको सिटमा समावेशी प्रतिनिधित्व गराएर मात्रै राष्ट्रिय सभाको निर्वाचन गराउने बताएपछि बहुमत ल्याएको बाम गठबन्धनले राष्ट्रियसभाको अध्यादेशमा रहेको एकल संक्रमणीय व्यवस्थामाथि प्रश्न उठाएको छ । एमाले अध्यक्ष केपी शर्मा ओलीले त एकल संक्रमणीय विधिलाई असंवैधानिक बताउका छन् । संविधानले यस्तो निर्वाचन प्रणालीको व्यवस्था नगरेकाले एकल संक्रमणीयको खोचो थापेर कांग्रेसले सत्ता आयु लम्ब्याउन खोजेको संगीन आरोप लगाएका छन् । एकल संक्रमणीय व्यवस्थाले राष्ट्रियसभामा कांग्रेसको सिट बढाउनकै लागि ल्याइएको वाम गठबन्धनको दाबी छ । राष्ट्रियसभामा आफ्नो सिट सुरक्षित गर्न सरकारले सहमतिविपरीत एकल संक्रमणीय व्यवस्था ल्याएको वाम गठबन्धनको बुझाइ छ ।

**के छ अध्यादेशमा ?**


सरकारले राष्ट्रपतिसामु पेस गरेको विधेयकमा प्रदेशसभा सदस्यको मतभार ४८ र स्थानीय तहका प्रमुख उपप्रमुखहरुको १८ प्रस्तावित छ । ७ सय ५३ स्थानीय तहका १ हजार पाँच सय ६ प्रमुख, उपप्रमुख र ७ प्रदेशका ५ सय ५० प्रदेशसभा सदस्यको मतभारमा हुने फरक व्यवस्था छ । मतदान गर्दाको प्राथमिकता क्रम र उम्मेदवार विजयी हुने मतसंख्याभन्दा बढी मत क्रमशः दोस्रो तेस्रोमा संक्रमण गराई परिणाम निकाल्नुपर्ने जटिल विधिका कारण एकल संक्रमणीय विधि अपनाउँदा राष्ट्रियसभामा कसले कति सिट पाउँछ ? ठ्याक्कै भन्न पनि अन्योल छ ।

**के हो एकल संक्रमणीय मत प्रणाली ?**

एकल संक्रमणीय मत प्रणाली बहुसदस्यीय निर्वाचन बाँकी ८ पेजमा

## धेरै बोलेनन् प्रचण्ड

काठमाडौं । पूर्वप्रधानमन्त्री तथा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' ले वाम गठबन्धनलाई जनताले ठूलो भारी बोकाएको बताउनुभएको छ । नेपाल देशभक्त गणतान्त्रिक मञ्चद्वारा हिजो आयोजित बधाई तथा शुभकामना कार्यक्रममा प्रमुख अतिथिको आसनबाट सम्बोधन गर्दै उहाँले उक्त कुरा बताउनुभएको हो । नेपालको राजनीतिक इतिहासको ऐतिहासिक प्रक्रियाको विशिष्ट क्षणमा संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान कार्यान्वयनको दिशामा सम्पन्न भएका निर्वाचनमा जनताले स्थायित्व र विकासप्रति भरोसा प्रकट गर्दै वाम गठबन्धनलाई जनताले ठूलो भारी बोकाएको र यो जनताको भरोसा इमानदारितापूर्वक बहन गर्ने विश्वास उहाँले प्रकट गर्नुभयो ।



जनताले वाम गठबन्धनको एजेन्डालाई स्पष्ट अनुमोदन गरेको र कांग्रेसलगायत पाँचवटै पार्टीलाई भारी बोकाएकोमा ठूलो भारी बाम गठबन्धनलाई बोकाएकाले सबैले देश बनाउने जिम्मेवारी मिलेर बहन गर्नुपर्छ भन्नुभयो । आधुनिक नेपालमा सबैभन्दा ठूलो संघर्षको नेतृत्व गर्ने अवसर समाज र जनताले प्रदान गरेको, विद्रोहसँगै शान्ति प्रक्रियाको नेतृत्व पनि आफूले गरेको, संविधान बनाउने नेतृत्व र आफू प्रधानमन्त्री भएकै समयमा निर्वाचनको आरम्भ गरी संविधान कार्यान्वयनको समेत नेतृत्व लिएको भन्दै प्रचण्डले अब नेपाललाई समृद्धिको बाटोमा लाने नेतृत्वसमेत हामीलाई नै दिएकोले जनतालाई विशेष धन्यवाद दिनैपर्ने हुन्छ भन्नुभयो ।

स्थायित्व र समृद्धिसहितको नयाँ नेपाल निर्माण बाँकी ८ पेजमा

## पत्रकार आचारसंहिताबारे अन्तर्क्रिया

काठमाडौं । राज्यको चौथो अंगको दर्जा पाउँदै आएको पत्रकारिता क्षेत्रलाई मर्यादित, अनुशासित र व्यवस्थित बनाउने उद्देश्यले प्रेस काउन्सिल नेपालले पत्रकार महासंघसँग समन्वय गरी आचारसंहिता तथा पत्रपत्रिकाको वर्गीकरणका बारेमा अन्तर्क्रिया कार्यक्रम सञ्चालन गरिरहेको छ । यसै सन्दर्भमा नेपाल पत्रकार महासंघ काठमाडौं शाखाको संयोजनमा 'पत्रकार आचारसंहिता र पत्रपत्रिकाको वर्गीकरण' विषयक अन्तर्क्रिया कार्यक्रम गत बुधबार बागबजारस्थित होटल हार्दिकमा सम्पन्न भएको छ ।

पूर्वसभामुख तथा एमाले नेता सुवासचन्द्र नेम्बाङको प्रमुख आतिथ्यमा सम्पन्न भएको कार्यक्रममा विभिन्न सञ्चारमाध्यमका सञ्चारकर्मी तथा स्वतन्त्र पत्रकारहरुको सहभागिता रहेको थियो । प्रमुख अतिथि नेम्बाङले कार्यक्रमलाई सफलताको शुभकामना दिँदै आफूले निर्वाचनको मौन अवधिको समयमा झूटो समाचारका कारण भोग्नुपरेको तीतो अनुभव सुनाउनुभएको थियो । उहाँले समाचारको तथ्य पुष्टि गर्न समाचारसँग सम्बन्धित व्यक्तिलाई सोध्नुपर्ने सुझाव पनि दिनुभएको थियो । उहाँले निरंकुशताविरुद्धका सबै आन्दोलन सफल पार्नदेखि लिएर हालै सम्पन्न निर्वाचनको सफलताका लागि सञ्चारमाध्यमले खेलेको भूमिका प्रशंसनीय रहेको बताउनुभयो ।




प्रेस काउन्सिलका सदस्य तथा नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य गोविन्द चौलागाईंले साना लगानीका अखबारले खेलेको भूमिकाको स्मरण गर्दै अहिले तिनै साना लगानीका अखबारले जीवनमरणको पीडा भोग्नुपर्ने अवस्था आउनु दुःखलाग्दो विषय भएको बताउनुभयो । उहाँले बाँकी ८ पेजमा

## अझै गरिबीको चपेटामा नेपाली

काठमाडौं । गरिबी सूचकांक (एमपिआइ) पद्धतिको अध्ययनले २८.६ प्रतिशत नेपाली अझै गरिबको चपेटामा परेको पुष्टि भएको छ । 'नेपाल बहुआयमिक गरिबी सूचकांक-२०१८' ले यो तथ्यांक देखाएको हो । सरकारले राष्ट्रिय योजना आयोग र अक्सफोर्ड विश्वविद्यालय अन्तर्गतको संस्था ओपिएचआईसँग सहकार्य गरी सन् २०१४ मा राष्ट्रिय सर्वेक्षण गरेको थियो ।

२००६ मा ५९ प्रतिशत रहेको गरिबी २०१४ मा २९ प्रतिशतमा झरेको थियो । सूचकांकले प्रादेशिक रुपमा बहुआयमिक गरिबीको अवस्थामा ठूलो भिन्नता देखाएको छ । प्रदेश ६ मा कुल जनसंख्याको आधाभन्दा बढी अर्थात ५१.२ प्रतिशत जनसंख्या बहुआयमिक गरिब रहेको तथ्यांक छ । सो तथ्यांकले मुलुकको सात वटा प्रदेशमध्ये प्रदेश ६ को अवस्था निकै कमजोर रहेको देखाउँछ । यसपछि प्रदेश २ को अवस्था कमजोर देखिन्छ । यस प्रदेशमा कुल जनसंख्याको करिब आधा अर्थात ४७.९ प्रतिशत बहुआयमिक गरिब रहेको तथ्यांक छ ।

प्रदेश ३ र ४ मा भने बहुआयमिक गरिब १५ प्रतिशतभन्दा कम रहेको छ । सूचकांकमा प्रदेश ३ मा १२.२ प्रतिशत र प्रदेश ४ मा १४.२ प्रतिशत बहुआयमिक गरिब रहेको उल्लेख छ । त्यसैगरी, प्रदेश ७ मा ३३.६ प्रतिशत, प्रदेश ५ मा २९.९ प्रतिशत र प्रदेश १ बाँकी ८ पेजमा

**समय-सन्दर्भ**



## नेपाली राजनीतिमा छिमेकीको चासो

**राजेन्द्र शर्मा**

नेपालमा सम्पन्न प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा वाम गठबन्धन विजयी बनेसँगै दक्षिणी छिमेकी मुलुक भारतले चलखेल सुरु गर्न थालेको छ । वाम गठबन्धनलाई भत्काउन भारतीय खुफिया एजेन्सी रअका अधिकारीहरु काठमाडौंमा डेरा जमाएर बसिरहेका छन् । नेपालका लागि पूर्व भारतीय राजदूतहरुको दौडधुप त्यत्तिकै चलिरहेको छ । भारतीय संस्थापन पक्ष गठबन्धनबाट माओवादी केन्द्रलाई अलग्याएर एमाले अध्यक्ष केपी ओलीलाई प्रधानमन्त्रीमा रोक्ने कसरतमा लागिरहेको छ । सरकारको नेतृत्व गरिरहेको नेपाली कांग्रेस पनि ओलीलाई प्रधानमन्त्री बन्न नदिने खेलमा सक्रिय छ । प्रधानमन्त्री शेरबहादुर देउवाले माओवादी केन्द्रका अध्यक्ष प्रचण्डलाई भेटेरै पाँच वर्षका लागि प्रधानमन्त्री बन्न आग्रह गरिसकेका छन् । देउवाले कांग्रेस, राजपा र संघीय फोरमले प्रचण्डलाई प्रधानमन्त्रीमा समर्थन गर्ने आश्वासन दिएका छन् । उनले पाँच वर्षका लागि प्रचण्डलाई प्रधानमन्त्रीमा समर्थन गर्ने लिखित नै तयार गर्ने समेत भनिसकेका छन् तर प्रचण्डले आफूले त्यसलाई अस्वीकार गरेको पेरिसडाँडा माओवादी केन्द्रको बैठकलाई जानकारी गराएका छन् ।



भारतीय संस्थापन पक्ष वाम गठबन्धन सके भत्काउने नसके फकाउने द्वैध रणनीतिमा लागेको छ । यदि गठबन्धन भत्काउन असफल भए गठबन्धनलाई प्रभावमा पार्ने चालमा छ भारत । नेपालका लागि पूर्वराजदूत रन्जित रायले एमाले अध्यक्ष केपी ओलीलाई भारतको असल मित्रका रुपमा परिभाषित गर्दै ओलीको प्रशंसा गरेका छन् । यो भारतको वाम गठबन्धनलाई प्रभावमा लिने अर्को अस्त्र हो । भारतीय बाँकी ८ पेजमा




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल

कार्यकारी सम्पादक: तेजेन्द्र प्रसाई
प्रबन्ध सम्पादक: कृष्णराज दुलाल
प्रबन्ध निर्देशक: किरण थापा
अतिथि सम्पादक: विष्णु भट्टराई
सम्पादन सहयोगी: घनश्याम ओली/गोविन्द विक
बजार व्यवस्थापन: रामशरण रिमाल/धर्मराज पौडेल

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४१०४४८७,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
*Visit : www .youtube .com Surendra Dhakal Social Activist*

## सम्पादकीय

### भ्रष्टाचार नियन्त्रण र मुहान शुद्धिको प्रश्न

निर्वाचनपछि नयाँ युगमा प्रवेश गरेको मुलुकको कर्मचारीतन्त्र पुरानै ढाँचा ढर्रा र घूसखोर शैलीमा चलिरहेको छ । भ्रष्टाचारको मापन गर्ने गैरसरकारी संस्था ट्रान्सपरेन्सी इन्टरनेसनलको सूचीमा नेपालको स्थिति अत्यन्तै नाजुक देखिँदै आएको छ । विश्वकै कंगाल मुलुकको अग्रपंक्तिमा आउने नेपाल भ्रष्टको सूचीमा पनि अग्रपंक्तिमै आउँछ । राष्ट्रिय सतर्कता केन्द्रले गरेको सेवा प्रवाह सन्तुष्टि सर्वेक्षणले पनि सेवाग्राहीका रूपमा सरकारी अड्डामा पुगेका जनता कर्मचारीलाई घूस खुवाउन बाध्य भएको तथ्यांक सार्वजनिक भएको छ ।

राष्ट्रिय सर्तकता केन्द्रको सर्वेक्षणअनुसार तराईका जिल्लामा सेवा लिनु पर्दा ३५ प्रतिशत जनता घूस खुवाउन बाध्य रहेको तथ्यांक देखिएको छ । तराईमा सरकारी सेवा प्रवाहको स्तर कमजोर र निराशाजनक रहेको छ । पहाडी क्षेत्रमा घूस खुवाउन बाध्य हुने जनताको संख्या २५ प्रतिशत रहेको छ । सरकारी सेवा प्रवाहको स्तर दयनीय रहेको सर्तकता केन्द्रका प्रवक्ता विष्णुराज लामिछानेले बताएका छन् । राष्ट्रिय सतर्कता केन्द्रदेखि लिएर अख्तियारको समेत नजिकबाट आँखा पर्ने राजधानीकै भक्तपुर मालपोत कार्यालयमा गत हप्ता मात्र एक लाख घूस लिँदालिँदै एक जना नायब सुब्बा पक्राउ परे । मालपोत कार्यालय, नापी कार्यालय, यातायात व्यवस्था कार्यालय, वैदेशिक रोजगार कार्यालय लगायतमा दिनहुँ घूसखोरीको धन्दा सञ्चालन भइरहेको हुन्छ । सानातिना सेवा लिँदा समेत सरकारी कर्मचारीलाई जनताले घूस खुवाउनै पर्ने हुन्छ । यस्तो अवस्थाबाट जनताले मुक्त हुन चाहिरहेका छन् ।

सतर्कता केन्द्रले ७ वटै प्रदेशलाई छुने गरी विभिन्न १२ वटा जिल्लामा पुगेर सरकारी कार्यालयको सेवा प्रवाहको स्तर बारेमा सेम्पल सर्भेक्षण गरेको थियो । यसरी सर्वेक्षण गरिएका जिल्लाहरूमा म्याग्दी, लमजुङ, कपिलवस्तु, कैलाली, डोटी, दोलखा, मुगु, प्युठान, धनुषा, पर्सा, बझाङ र इलाम रहेका थिए । यी जिल्लाहरूमध्ये पनि तराईका जिल्लाको सेवाप्रवाह अत्यन्तै कमजोर देखिएको छ । राष्ट्रिय सतर्कता केन्द्रले सर्वसाधारण सेवाग्राहीदेखि गैरसरकारी संघसंस्था, नागरिक समाज, राजनीतिक दलका कार्यकर्ताहरूसँग समेत समन्वय गरी सेवा प्रवाहबारे सर्वेक्षण गरेको थियो ।

सतर्कता केन्द्रले जिल्लामा सुशासन कायम राख्न मुख्य भूमिका खेल्नुपर्ने प्रमुख जिल्ला अधिकारीको भूमिका पनि कमजोर ठहर गरेको छ । यसैगरी सरकारी कार्यालयका प्रमुखहरू पनि प्रभावकारी ढंगले काम गर्न नसकेको देखिएको छ । पूर्वदेखि पश्चिमसम्म तराई, पहाड, हिमाल सबैतिरका जिल्लालाई नमुनाको रूपमा लिएर गरिएको सर्वेक्षणले सिंगो मुलुकको कर्मचारीतन्त्रले प्रवाह गर्ने सेवाको स्तरमाथि गम्भीर प्रश्नचिन्ह खडा भएको छ । आफ्नो सेवा, सुविधा वृद्धिको लागि र हक अधिकारको लागि खोलिएका कर्मचारीका संघ संगठनहरूले पनि आफ्ना सदस्य कर्मचारीहरूलाई राजनीतिक रूपले प्रशिक्षित गरे पनि सुशासन र अतिरिक्त आम्दानी बिनाको सेवा प्रवाहका बारेमा कहिल्यै प्रशिक्षण दिएको सुनिँदैन । कर्मचारीमा विकास भएको घूसखोर प्रवृत्तिले कामचोर प्रवृत्ति र ढिलासुस्तीलाई समेत प्रोत्साहित गरेको छ ।

अब देश संघीय ढाँचामा गइसकेको छ । संघ र प्रदेशको भूमिकामा कर्मचारीहरूको भूमिकामा पनि फेरबदल आउनेछ । स्थानीय तहहरूमा सरूवा भएर जाने विषयमा समेत कर्मचारीहरूले सरकारलाई असहयोग गरिरहेका छन् । राष्ट्रसेवक कर्मचारी मुलुकभित्र अथवा बाहिर जहाँ खटाए पनि जान तयार बन्नैपर्छ । त्यसैगरी घूसखोरी र भ्रष्टाचार वृद्धि हुन तल्लो निकायका कर्मचारी मात्र जिम्मेवार छैनन् । जिल्लामा हाकिम भएर जाने कर्मचारीसँग सचिव र मन्त्रीसम्मले उठ्ती उठाउने पुरानो चलनमा फेरबदल आएको छैन । आफ्ना हाकिमको माग पूरा गर्न जिल्लाका हाकिमले तल्लो तहका कर्मचारीलाई घूस संकलनको घुमाउरो आदेश नै दिएको हुन्छ । आदेश तामेली सुब्बा, खरिदार तहबाटै हुने गरेको छ र त्यसको हिस्सा माथिसम्म पुग्छ । तल्लो निकायलाई स्वच्छ, पवित्र, जनमुखी बनाउन सबैभन्दा पहिला मन्त्रालय र विभागका हाकिमले तलबाट कुत उठाउन बन्द गर्नुपर्छ । मुहान सफा नभएसम्म पवित्र गंगाको आशा नगरे हुन्छ । सतर्कता केन्द्र, अख्तियार लगायतका निकायको ध्यान मुहान शुद्धितर्फ पनि लाग्न आवश्यक छ ।

# ढिलै भए पनि वामदेवले दण्ड पाए, अन्त्यमा जित हाम्रै हुन्छ



सुरेन्द्र ढकाल
पोलिटब्युरो सदस्य
(नेकपा माले)

**हार ब्यहोर्नु परेकै कारण सत्तामा गई राष्ट्रलाई लुट्न नपाइने देखी वामदेव प्रवृत्तिका तथाकथित राष्ट्रवादीहरू पुनः एमालेमा मिल्न गए ।**

मदन भण्डारी बाँचुन्जेल एमाले राष्ट्रवादको पर्यायवाची थियो । एकातर्फ वामपन्थी सोच भएका अर्कोतर्फ कट्टर राष्ट्रवादी थिए यिनी ।

जनमतसंग्रह गरेर टिस्टा काँगडाको मुद्धाको छिनोफानो हुनुपर्छ भनेकै कारण एकातिर भारतीय गुप्तचर संस्था रअ र अर्कोतर्फ अमेरिकन गुप्तचर संस्था सिआइएको आँखाको कसिंगर बन्न पुगेका थिए भण्डारी । यी दुवै गुप्तचर संस्थाहरुले प्रधानमन्त्री गिरिजा, गृहमन्त्री शेरबहादुर र तत्कालिन अमेरिकी राजदुत जुलिया चाङ ब्लक अनि भारतीय राजदुतको मिलोमतोमा एमालेभित्र आफ्नो एजेन्ट घुसाई मदनको हत्या गर्न लगाए ।

मदनको हत्यापश्चात एमाले राष्ट्रवादी रहेन । यसले एकातर्फ जिग्मेले भारतको इसारामा भुटानी नेपालीलाई भुटानबाट लघार्दा चूँ... सम्म गरेन भने अर्कोतर्फ महाकालीमा गएर राष्ट्रघात समेत गर्न पुग्यो । आफूहरुले गरेको राष्ट्रघात छोप्न केपी ओलीले अब पश्चिमबाट सूर्य उदाउने, नेपालले महाकालीबाट वार्षिक १ खरब २० अरब कमाउने अनि नेपालीलाई बसी बसी खानपुग्ने धक्कु दिए । त्यसलाई उछिन्दै माधव नेपालले त महाकालीबाट उत्पादन भएको बिजुली स्याटेलाइटबाट निर्यात गरी नेपालले मनग्गे पैसा कमाउने कुरा भन्न समेत बाँकी राखेनन् । यसैले देखाउँछ मदनका हत्याका मतियारहरु को को थिए भन्ने कुरा ।

महाकाली सन्धिमा राष्ट्रघात भयो भन्दै एमालेभित्रका राष्ट्रवादी तप्का सबै मिली एमालेबाट छुट्टिएर माले गठन गरे जसको अगुवाइ कमरेड सिपी मैनाली र वामदेव गौतमबाट भएको थियो । यही राष्ट्रघाती सन्धिको कारण एमालेको विदेश विभागमा बसेर न्यूएरा अंग्रेजी पत्रिकाको सम्पादन गर्ने गरेको यस पंक्तिको लेखकले पनि एमालेलाई सदाको लागि भकुण्ड्यार स्वतन्त्र बन्न पुगेको थियो । एमालेबाट छुट्टिएर माले भई लडेको संसदको चुनावमा मालेका उम्मेदवारहरुले थोरै मतको कारणले मात्रै राष्ट्रब्यापी रुपमा हार ब्यहोर्नु पऱ्यो । हार ब्यहोर्नु परेकै कारण सत्तामा गई राष्ट्रलाई लुट्न नपाइने देखी वामदेव प्रवृत्तिका तथाकथित राष्ट्रवादीहरु पुनः एमालेमा मिल्न गए । वामदेवको राष्ट्रवादी मुकुण्डो त्यतिखेर नै उदांग भएको थियो । राष्ट्रवादलाई तिलाञ्जली नै दिइसकेपछि पंच लोकेन्द्रको मन्त्रिमण्डलमा बसेर उपप्रधान तथा गृहमन्त्री भई काम गर्न वामदेवलाई लाज लाग्ने कुरा पनि भएन । अब उनको सपना प्रधानमन्त्री हुने थियो । त्यस्का लागि यिनले आफूलाई झलनाथ खेमाबाट ओली खेमामा सरुवा गराए ।

एमाले र माओवादी गठवन्धन बनाइ चुनाव लड्ने वातावरण पनि यिनैले तय गरेबमोजिम भएपछि यी वामदेव निकै हौसिए । ओली वामदेव यति हौसिए कि यी दुवैले मालेलाई किरा फट्यांग्रा जति पनि गनेनन् । चुनाव जित्नैको लागि, कांग्रेसलाई हराउनैको लागि बरु हिजोका निरकुश पंचसँग झापामा तालमेल गरे, मालेलाई भने देखिसहेनन् । माले र यसका नेता सीपीको राष्ट्रवाद तथा मालेवादप्रति निष्ठा हुँदैनथ्यो भने यिनी पनि वामदेवकै पछि लागेर उहिले एमालेमा फर्कन्थे होला । किन फर्केनन त ? मालेले लिएको राष्ट्रवादी अडानलाई भारतीय गुप्तचर संस्था रअका एजेन्टहरुले मन पराउने कुरा पनि त भएनन नी ।

सबै राष्ट्रवादी नेपालीलाई सधैका लागि भेडा बनाउन सकिन्छ भन्ने सोच राख्ने वामदेव ७०० भोट नपुगेर चुनाव हारे जहाँ मालेका राष्ट्रवादी उम्मेदवार क. नरबहादुर बोहराले २३७२ भोट ल्याई वामदेवलाई थाङ्नामा सुताइदिए । यसपालिको चुनावमा मालेले पाएकै मतको कारण एमाले हार्न पुगेको उदाहरण अरु स्थानको अतिरिक्त काठमाडौ चुनाव क्षेत्र १० को नतिजाले पनि देखाएको छ । तसर्थ एमालेले चुनाव जिते भनेर फूर्ति नलाए हुन्छ ।

जोसँग मिलेर एमालेले चुनाव जितेको छ ती राष्ट्रघातीहरुको मण्डली हुन् भन्ने कुरा प्रचण्ड मोदीको २५ बुँदे संयुक्त प्रेस विज्ञप्तिले प्रमाणित गरेकै छ । राष्ट्रघातका पक्षपोषक वामदेवलाई बर्दियाका जनताले जसरी दण्ड दिए त्यसै गरी हरेक एमाले नेता र कार्यकर्तालाई राष्ट्रवादी सचेत नेपाली नागरिकले दण्ड दिने दिन फेरि आउने छ । धैर्य गरौं अन्त्यमा जित हाम्रै हुन्छ, राष्ट्रवादकै हुन्छ ।

# विज्ञानी विदुर तथा नेपाली विज्ञानी विदुरहरू



जगदीश लामिछाने
रौतहट, पौराई

महाभारतको लडाइँ नै मिथक मान्नेहरु पनि छन् । यहाँका अन्धा राजा धृतराष्ट्रका एक सय छोरा आदि मिथक मान्न तिनीहरुलाई कुनै गाह्रो भएन । त्यो ठाउँमा रहेका विदुर सहनशील मिलनशील धृतराष्ट्रकै मन्त्री देखिएका छन् । पछिबाट विज्ञानी विदुरकै पछि लागेर वन गए ।

अनौठो त के छ भने बलशाली सन्तनुका छोरा भीष्म र विदुर दुवै श्रीकृष्णका भक्त देखिए । श्रीकृष्ण पाण्डव र कौरवहरुलाई मिलाउँ भनी दूत भएर ५ गाउँ पाण्डवका लागि दुर्योधन धृतराष्ट्रकै छोरासँग माग्न जाँदा लडाइँबिना सियोको टुप्पो जति पनि दिन्न भनी जवाफै दिएको देखियो । यस्तै अवस्थामा रामायणकी सीता र महाभारतकी द्रौपदीलाई 'भूमि' मान्दा पनि कुनै आपत्ति भएन । त्यसैले पनि विदुरलाई विज्ञानी भनिएको हो । विदुरकै कुरा सुनिएको भए महाभारतको लडाइँ नै हुने थिएन । कौरवतर्फ भनिएका विदुर तथा भीष्मका श्रीकृष्ण प्रेम कथाहरु धेरै छन् ।

यसैले नेपालका विज्ञानी विदुरहरु को हुन् संसारमा रणसंग्राम नहुने कारणहरु के रहेछन् भनी मात्र हेर्ने गरौं, महाभारतका पात हाँगाहरु किन खोज्नु ? हाम्रा विज्ञानी विदुरहरु को हुन् भनी निम्न सिद्धान्तमा हेरौं ।

(१) जो स्वदेश छोड्दैन
(२) जो व्यसनमा लम्पट छैन

भन्ने सिद्धान्तभित्र रहेर १० वटा शुभ आशिर्वाद पूर्व अंकमा नै दिएको हो । तिनै विषयमा छिर्ने हाम्रा विद्वानी विदुर (१) श्री ५ पृथ्वीनारायण नै हुन् । उनकै पुनः एकीकरणले हामीले नेपाल भन्न पाएका छौं, त्यसपछि (२) दोस्रो विज्ञानी विदुर राजकुमार बहादुर शाह भए । उनैले नेपालको विशाल पश्चिमी क्षेत्र पुनः एकीकरण गरेर नेपालकै कालकोठरीमा मरे । त्यसै दिनदेखि नेपालमा बेठिक कुराहरु हुन लागेका हुन् ।

(३) तेस्रो विदुर सेनापति बुढा अमर सिंह हुन् । यिनलाई सुगौली सन्धि भएकै चित्त नबुझेर गोसाइ स्थानमा गई मरे । यिनले युद्धबाट आएको धनले गुह्येश्वरीमा सुनको मोलम्बा छाना लगाएको ढोकैअगाडि लेखिएकै छ । पशुपति गुह्येश्वरी गर्ने उकालो ओरालोमा ढुंगे सिंढीहरु र जनकपुरमा ठूलै गुठी यिनैले राखेको मानिँदैछन् ।

हाम्रा लागि बोली दिने अफ्रिका जिम्बाबेमा संगठन बनाइदिने अमेरिकी मुख्य विदुर हेनरी किसिंजरलाई पनि आंशिक विदुर भनी दिए हुन्छ । तत्तत् देश र हामीले उनको सल्लाहमा नगरेको दु:ख आफैं आफैंले पायौं भन्नैपर्छ । संसारको कम्युनिस्ट आन्दोलनका अग्रणी रुसका लेनिन पनि जर्मनीको विशेष रेल चढी रुस गएका हुन् । हाम्रा बाबुराम र प्रचण्डलाई त भारतीय एसडी मुनिले भारतैमा बसी नेपालमा रणसंग्राम गराएको लेखेके छन् । यसैगरी प्रजातन्त्रवादी र कम्युनिस्टहरु बरालिँदा यो देशमा दु:खहरुको बाढी आइरहेको हो । अहिले वामपन्थीले चुनाव जितेकोमा गर्व गरौं । प्रजातन्त्रवादीहरु हिन भावना नलिएरै मिलेरै काम गरौं ।

अहिले अमेरिका उत्तर कोरियाको क्रियाकलापबाट ज्यादै डराएको देखिने पनि सायद त्यो क्षेत्रमा जापान कोरियामा आफ्ना सैनिक उसले राखेकै कारणले हुनुपर्छ । त्यसैले त उसले उत्तर कोरियासँग वार्ता गर्न चाहेको हो । यस्तै माखे सांग्लोमा चिनले फर्मोसाको संयुक्त राष्ट्र संघको विशेष स्थान व्यापार तथा अरु सौदा बाजीमा लिन नेपालले पनि सघाएकै हो । अहिले तिब्बतमा रेल उकालिरहन पाएको हो । तैपनि संसारको कल झगडामा विशेषत: मुसलमानी क्षेत्रमा अमेरिकी आदि विदेशी सेनाहरु आफ्ना देशमा भित्र्याउन दिने देशहरु आफैं जिम्मेवारै छन् ।

यही परिप्रेक्ष्यमा नेपालका उत्तरी क्षेत्रबाट विदेशी सेना कालापानी बाहेकै भए पनि हटाउने २।३ पटक सत्ताको प्रधानमन्त्री हुने कीर्तिनिधि बिष्टलाई उनको भर्खरै मृत्यु भएपछि नागरिक दैनिक र सिमाविद बुद्धिनारायण आदिले चर्चामा ल्याए । श्री ५ महेन्द्रले पनि त्यो गर्न सघाएको देखियो ।

कीर्तिनिधिको निडर तथा चलाखीपूर्ण भारतीय तत्कालीन प्रम इन्दिरा गान्धीसँगको वार्तालाप र प्रम आफ्नै मात्र निर्णयले कालापानीबाहेक सबै धेरै ठाउँका विदेशी सेना हटाएको हुँदा श्री ५ महेन्द्रसँगै उनलाई संयुक्त स्याबासी दिएर अर्का चौथा (४) विज्ञानी विदुर उपमा दिनुपर्ने देखिन्छ किनभने विश्वको कुनै पनि भागमा पहिले विदेशी सेना सियो भएर पसेर पछि फाली भएर रणसंग्राम हुने गरेको देखिएकै छ । त्यो खड्गो टारी दिने श्री ५ महेन्द्र र कीर्तिनिधिलाई संयुक्त विज्ञानी विदुर नै भनौं ।

यसपटक भारतमा नै नेपाली तराई केन्द्रित दलसमेत भई माओवादीलाई नेपालमै ल्याएर बराबर सत्तासीन गराएकै हो । अहिले निकट भूतकालमा एमालेले वामपन्थी गठबन्धन गराउँदा वामपन्थीलाई अझै राम्रो भएकै छ । यसपटक प्रत्येक विजयी सबै दलका सांसदहरुले आफू सत्तानिकट आएँ भन्नुभन्दा नेपाली जनता र माटोको भलो सम्झेर काम गर्दा न पत्तिएर न आत्तिएर तथा न मात्तिएर आपसमा मिली काम गरे भने नेपाल मातारुपी जनताले अवश्य उचित पुरस्कार दिने नै छन् । सांसदहरुले सत्ताकै स्वादमा नै रमाइरहे भने भन्न सकिँदैन ।

## अबको क्रान्ति : पर्यावरणीय (खण्ड २)

सुदर्शन प्रधान

# केही भौतिकवादी दृष्टिकोण (७)

यस्तो हल्लामा विश्वास गरेर आफ्ना पुर्खाको शरीरको एक अंश शालिग्राम बनी स्वर्ग पुगुन् भन्ने अन्धविश्वासले मानिसहरू टाढाटाढादेखि कालीको किनारमा अस्तु सेलाउन हिजोआज पनि आइपुग्छन् । यो परम्परा कहिलेदेखि सुरू भयो ? सोधखोजको खाँचो छ तर काली नदीमा अस्तु सेलाएपछि त्यो शालिग्राममा परिणत हुन्छ भन्ने भनाइमा रत्ती पनि सत्यता छैन । वास्तवमा शालिग्राम कसरी बन्छ र काली नदीमा धेरै शालिग्राम किन पाइन्छ ? भन्ने विषयमा माथि नै प्रस्ट पारिएको छ ।

'देवघाटमा दाहसंस्कार गर्दा पुण्य मिल्छ' भन्ने अन्धविश्वासमा परेर पनि मानिसहरू टाढाटाढादेखि यहाँ शव लिएर आइपुग्छन् । पहिले यहाँको वनमा प्रशस्त काठपात भएकाले शव जलाउन इन्धनको समस्या थिएन । तर हिजोआज शवसँगसँगै गाडीका टायर, ट्युब र दाउरा लिएर आउँछन् मलामीहरू । यहाँ नदीको किनारभरि जताततै लाश जलाएका काला अवशेष देखिन्छ, चिहानहरू प्रशस्त भेटिन्छ । लाशलाई खाग बनाउन टायर, ट्युब जलाउँदा वायुमण्डलमा घातक ग्याँसहरू मिसिन्छन् । 'यस्तो प्रक्रियाबाट जल्ने र जलाउनेहरू सिधै नर्कमा पुग्छन्' भनी धरतीमाताले भन्छिन् । नदीकिनारमा शव गाड्दा पनि मिथेन, फोस्फरसजस्ता ग्याँसहरू निस्कन्छन्, तिनले वातावरणलाई उसरी नै आघात पार्छन् भन्ने कुरा पर्यावरणवादीहरूले मात्र थाहा पाएका होलान् । अरूलाई पनि थाहा भएको भए सयौं लिटर पेट्रोलियम पदार्थ खर्च गरेर, वातावरणमा चौतर्फी प्रदूषण फैलाई देवघाटसम्म शव ल्याउने कष्ट कसैले उठाउँदैनथे ।

सभ्य (?) भनिने यो मानवसमाजको संस्कृतिलाई विश्वव्यापी पर्यावरणको कसीमा घोट्ता ती प्रायः सबै धरतीप्रतिकूल पाइन्छन् । त्यो सबै नशा बनेर मानवमस्तिष्कमा गडेकाले जतिसुकै धरतीद्रोही भए पनि आफ्नो संस्कार र संस्कृतिलाई प्रिय मानी लिसोझैं टाँसिन पुग्छन् । यहाँ कुनै पनि मानिसले बाँचुन्जेल धरतीबाट हावा, पानी, इन्धन, खाना, कपडा, आवास, औषधि, पुस्तकलगायत थुप्रै कुराहरू प्राप्त गर्छन् । यी अनिवार्य पनि छन् तर मृत्युपश्चात् पनि ३, ४ क्विन्टल काठदाउरा तिनै प्रकृतिबाट लिएर जान्छन्, जसले जीवनमा एउटा बिरूवा पनि नरोपेको हुन सक्छ र वातावरण संरक्षणमा कुनै योगदान नपुऱ्याएको हुन सक्छ । बाँचुन्जेल धरतीबाट सब थोक लिएपछि धरतीलाई पनि फिर्ता गर्नुपर्छ र मृत्युपश्चात् धरतीलाई कुनै आघात नपारी बरू धरतीलाई सहयोग गरेर जानुपर्छ भन्ने मान्यताअनुरूपको संस्कार र संस्कृति निर्माण र विकास गर्नु आवश्यक छ । यो विशाल धरती अर्थात् पर्यावरणको पनि एक निश्चित सीमा छ, जसलाई मानिसहरू नाघिरहेछन् र सिङ्गो मानवग्रह असन्तुलित भइरहेछ । त्यसो भए मानिसको मृत्युपश्चात् शवलाई के गर्दा उचित होला ?

जुनसुकै व्यक्तिको शवलाई नजिकको कुनै पनि वनमा गाड्दा अति पुण्य मिल्छ, जहाँ कुनै पनि कृत्रिम धागोका कपडा, नुन, अन्न, भाँडाकुँडाहरू राख्नु हुन्न । केवल त्यहीँको माटोले पुर्नुपर्छ– ईँटा, सिमेन्ट पनि प्रयोग गर्नु हुँदैन । बरू उक्त स्थानवरिपरि उपयोगी रूखबिरूवा लगाउनु फलदायी हुन्छ । यसो हुँदा मानिसको शरीरमा हुने तत्त्व (प्रोटिन, क्याल्सियम, फोस्फरस आदि) हरू बोटबिरूवाले प्राप्त गर्छन् र ती हराभरा हुन्छन् । तिनले अक्सिजनजस्तो प्राणवायु छोड्छन्, धरतीको जैविक विविधताको रक्षा गर्ने ओजोन ग्याँस निर्माण गर्छन्, बाढीपहिरोबाट बचाउँछन्, स्वतन्त्र वन्यजन्तु र पशुपक्षीहरूलाई आश्रय र आहार दिन्छन्, रोगविरूद्ध लड्ने जडीबुटी र फलफूलहरू प्रदान गर्छन् र अरू धेरै कुराहरू उत्पादन गरेर यो धरतीको, मानवसमाज तथा सभ्यताको सुरक्षा गर्छन् । तब हामी गौरव मान्दै भन्न सक्छौं– हाम्रा पुर्खा वास्तविक स्वर्ग पुगेका छन्, संसारलाई बचाइराखेका छन् ।

*(क्रमश:)*

# मैले देखेको पच्चीसौं विश्व सम्पदा :
# मस्कोको टावर अफ क्रेमलिन

सुरेन्द्र ढकाल



टावरसहित क्रेमलिनको पर्खाल




क्रेमलिनको कोटाफिया टावर




क्रेमलिनमा रहेको बोरोभिट्स्काया टावर



क्रेमलिनमा रहेको टायनिट्स्काया टावर



क्रेमलिनमा रहेको ब्लागोभेश्चेनकाया टावर



क्रेमलिनमा रहेको भोडोभ्जभोडनाया टावर



टावर अफ क्रेमलिनमा अगाडि सुरेन्द्र कृष्णको साथमा

क्रेमलिन रेडस्क्वायरको ऐतिहासिक सेन्ट वासिल क्याथेड्रल अवलोकन गरेपछि हामी क्रेमलिनमै रहेको अर्को विश्व सम्पदा सूचीमा रहेको मस्कोको टावर अफ क्रेमलिन अवलोकन गर्ने निर्णय गरी त्यतातर्फ लाग्यौं ।

**मस्कोको टावर अफ क्रेमलिन**

क्रेमलिनको चारै दिशातर्फको पर्खाल सुरक्षाको दृष्टिकोणले बनाइएको रहेछ । जुन पर्खालको ठाउँठाउँमा सुन्दर धरहरा जस्ता टावर पनि खडा गरिएको रहेछ । हेर्दाखेरि काठले बनाइएको पर्खाल जस्तो देखिने यी पर्खालको निर्माण सन् ११५६ मा गरिएको रहेछ । यहाँ पर्खालसँग जोडिएका १९ वटा टावरहरू र एक भिन्नै कोटाफिया टावर गरी जम्मा २० वटा टावरहरू भने विभिन्न कालखण्डमा बनेका रहेछन् । यी टावर हरूमध्ये बोरोभिट्स्काया टावरको निर्माण सन् १४९० मा सुरू भएको रहेछ । क्रेमलिनको पुरानो ढोकासँगै जोडिएको यो टावरको निर्माण इटालिएन डिजाइनर पियत्रो आन्तोनियो सोलारिले रसियाका जार आलेक्सी प्रथमको आदेश अनुसार सन् १६५८मा सम्पन्न गरेका रहेछन् । यस टावरलाई सन् १८१२ मा युद्धमा हार्दै पछि हटेको फ्रेन्च सेनाले बमले ध्वस्त गरेको रहेछ । पछि सन् १९३५ मा यसको पुनर्निर्माण भएको रहेछ । पछि सोभियतकालमा आएर यस टावरको टुप्पामा रातो तारा जड्ने कार्य भएको रहेछ । सन् १९९० मा रेडस्क्वायरमा प्रवेश गर्ने स्पास्सी ढोका बन्द भएपछि यही टावरमुनि रहेको ढोका मानिस र गाडीको ओहोरदोहोरका लागि खुला गरियो । यो टावरको अग्लाई ५४ मिटरभन्दा केही बढी रहेको छ ।

त्यस्तै गरी भोडोभ्जभोडनाया टावर क्रेमलिन पर्खालको दक्षिण पश्चिम कुनामा रहेको छ । यसको निर्माण पनि इटालियन डिजाइनर आन्तोनीयो जिस्तार्दीले सन् १४८८ मा सुरू गरेका थिए । सुरूमा यो टावरलाई स्भिब्लोभा टावर भनिन्थ्यो । किनकी यो टावर निर्माण भएको ठाउँमा स्भिब्लोभ बोयरका परिवारहरू बस्थे । पछि १६३३ मा गएर यस टावरको नाम भोडोभ्जभोडनाया कायम गरियो । यस टावरभित्र पछि गएर खानेपानी वितरण गर्ने मेसिन जडान गरिएको कारण सन् १८०५ मा यो टावर भत्कन गयो र सन् १८१२ मा पुनर्निर्माण भए तापनि फ्रेन्च सैनिकले यसलाई पनि बमले उडाइदिएका थिए । पछि १८१७ मा यस्को पुनर्निर्माण सुरू गरी १८१९ मा सम्पन्न गरियो । यसको अग्लाइ भण्डै ६२ मिटर रहेको छ । क्रेमलिनको पर्खालमा ठडिएको अर्को महत्वपूर्ण टावर ब्लागोभेश्चेनकाया हो । यसको निर्माण सन् १४८७ मा सुरू भई १४८८ मा सम्पन्न भएको थियो । सेतो चुनढुंगाको जगमा बनाइएको यस टावरलाई जार इभान द टेरिवलको शासनकालमा जेलको रूपमा प्रयोग गरिएको थियो । यही जेलमा आर्किटेक्ट ब्लागोभेश्चेनकायालाई थुनिएको कारण उनैको नामबाट यस टावरको नाम रहन गएको रहेछ । यस्को अग्लाई भण्डै ३१ मिटर रहेको छ । पछि यही टावरसँग जोडेर क्याथेड्रल निर्माण गरिएको रहेछ । यस टावरमुनि रहेको ढोकाबाट मस्कोका धोवीहरू लुगा धुन मस्को नदीमा जाने गर्दा रहेछन । अर्को त्यस्तै महत्वपूर्ण टावर भनेको टायनिट्स्काया रहेछ । यो टावर क्रेमलिन पर्खालको दक्षिणतर्फ बीचमा रहेको छ । यसको डिजाइनर पनि इटालियन आन्तोनियो गिलार्दी नै रहेछन् । यस टावरभित्र एक गोप्य इनार र मस्को नदीसम्म पुग्ने सुरूङ पनि रहेछ । सन् १७७० मा क्रेमलिनको दरवार बनाउँदा यस टावर भत्काइए तापनि तुरून्तै पुनर्निमार्ण गरिएको थियो । सोभियतकाल सन् १९३०।३३ तिर इनार सुकेको कारण बाहिरबाट पानी लगी इनारलाई दुरूस्त अवस्थामा राखियो । यो टावरको अग्लाई ३८ मिटरभन्दा केही बढी छ । यीबाहेक केही टावरहरूको कुनै नाम दिइएको छैन भने अरू नाम दिइएका कम महत्वका टावरहरूमा पेट्रोभ्सकाया, बेक्लेमिसेभ्सकाया, कोन्स्तान्तीनोएलेनिन्सकाया, नावात्नाया, जारस्काया,स्पास्काया (घण्टाघर सहितको टावर), सेनाट्स्काया आदि रहेका छन् ।

SOS MANPOWER SERVICE (P) LTD.
www.sosmanpower.org
विश्वसनीय र भरपर्दो वैदेशिक रोजगारक लागि हामीलाई सम्झनुहोस्
ISO 9001 JAS-ANZ
Handphone : 9851024628
G.P.O. Box : 3565, Dhapasi, Kathmandu, Labour Dept. Lic. No. : 80/052/53
Tel : 01 4365986 Fax : 01 4365985, Email : sosierra@wlink.com.np

Load-shedding No Problem
Solar-hybrid inverts are now available with heavy discount
Upto 15KVA
With 24 months Warranty
Sales & services of:
Laptop, Desktop, Printer & Fax, EPABX & Fittings, Inverter & Online UPS, Exide Batteries, Securities & Door Locks, CCTV Camera & Fittings, Biometric Devices & Fittings, Networking & Accessories etc.
B N COMPUTERS INTERNATIONAL
P. O. Box: 10904, New Plaza,Kathmandu, Nepal.
Tel.: 977-1-4444531, 4444532, Fax: 4444532
Cell: 977-9851051003, 9808869062
E-mail: E-mail: crossweb@wlink.com.np,

दाँते सोसाइटी नेपाल
नयाँ बानेश्वरमा इटालियन, अंग्रेजी र जर्मन भाषा सिकी आत्मनिर्भर बनौं ।
फोन : ९८५१०२३६७०, ४४४१८१२

Remember us for the Construction of Private and Public Works
EWES East West Engineering Service Pvt. Ltd.
Consulting Architects, Engineers & Planners
GPO box no : - 8621, Kathmandu Nepal
Phone : +977-1- 4373316 , Fax- 4650203
Website: http://www .ewesnepal .com ä®:
E-mail: info@ewesnepal .com , hbgewe@gmail .com

राष्ट्रिय विद्युत समस्याको निराकरणका लागि सरकारी कार्यालयहरूले नै विद्युत खपतका लागि मितव्ययिता गर्ने कदमहरू चालु राखी सर्वसाधारणहरूलाई सुसूचित गराऔं ।
नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

महिला हस्ताक्षर

■ संगीता रेग्मी

# दाइजो प्रथा नियन्त्रणका चुनौती

विभिन्न चरणका संघर्ष र आन्दोलनसँगै नेपालमा थुप्रै राजनीतिक परिवर्तनहरू हुँदै गए । राणाशासन, पञ्चायत, राजतन्त्रलाई तिलाञ्जली दिँदै अहिले हामी संघीय लोकतान्त्रिक गणतन्त्रात्मक नेपालमा संविधानसभाबाट बनेको संविधानको कार्यान्वयनको चरणमा अगाडि छौं । राजनीतिक रूपमा जे-जति परिवर्तनहरू देखिए पनि सामाजिक रूपमा हामी अहिले पनि पछाडि नै छौं भन्ने विभिन्न सामाजिक कुरीतिबाट प्रष्ट हुन्छ र यसको ज्वलन्त उदाहरण बालविवाह, बहुविवाह, दाईजो प्रथा, बोक्सी प्रथा, चेलिबेटी बेचबिखन, छाउपडी प्रथा लगायतका हुन ।

त्यसमध्ये दाईजो प्रथा विशेष गरी मधेशमा मात्र नभइ{ सर्वत्र व्याप्त रहेको पाइन्छ । मधेसमा दाइजोलाई 'दहेज' भनिन्छ । यसले मधेसमा मात्र होइन देशभरी नै भयानक अवस्था सिर्जना गरेको छ । कसैको घरमा छोरीको विवाहको कुरा चल्छ अनि सुरू हुन्छ दाइजोको प्रसंग । बिहेमा के के दिने, कति दिने, कसरी जोहो गर्ने भन्ने विषयमा छोरीका बुबा, आमा तथा घर परिवारका सदस्यले विचार गर्न थाल्छन् । सम्पति नभए पनि विवाहमा ऋण गरेरै भए पनि दाइजोको नाममा केही दिनैपर्छ भन्ने एक प्रकारको नियम जस्तै बनेको पाइन्छ । विवाहित छोरीलाई खाली हात पठाउँदा समाजले के भन्ला अनि केटाको घरमा छोरीलाई के भन्लान् भन्ने चिन्ताबाट मुक्त हुन पनि दाइजो प्रथाले प्रश्रय पाएको छ ।

कतिपय समुदायमा त यो प्रथा त्यति बाध्यात्मक मानिँदैन तर विशेषत: तराई/मधेसमा यो चलनकै रूपमा प्रचलित छ अथवा एक प्रकारको बाध्यकारी परम्परा नै बनेको छ । छोरीलाई सम्पति दिनुलाई गलत मान्न सकिँदैन तर केटा पक्षबाट तोकेर नै यो यो चाहियो भनेर माग गर्नु र यसकै नाममा प्रताडना गरिएको खबर बारम्बार आउने गरेको छ । यसरी दाइजो प्रथाले व्यापकता पाउँदै गर्दा यसले समाजमा जरा गाडेको छ भने अर्कोतिर यसले गम्भीर प्रकारको सामाजिक कुरीति पनि निम्याउँदै छ ।

केटी पक्षले केटा पक्षलाई विवाहमा दिइने सम्पति नै मूलत: दाइजो हो । गरगहना, प}सालगायत घरजग्गा, सवारी साधन दाइजोको रूपमा दिने गरिन्छ । दाइजो प्रथा बेहुली पक्षलाई आर्थिक तथा मानसिक रूपमा अत्यन्त बोझिलो सावित हुन जान्छ । गरिबीबाट ग्रस्त परिवारलाई छोरीको विवाह गर्नु भनेको ऋणको भार बोक्नु सरह नै सावित हुन्छ ।

दाइजो प्रथाको आर्थिकभन्दा पनि सामाजिक र मनोवैज्ञानिक पाटो अझै विकराल छ । छोरा जन्मदा खुसी हुने परिवार छोरीको जन्म हुँदा दुःखी हुने गर्दछन् । छोरीमाथिको लैगिंक विभेद गर्भबाट नै सुरू हुने गरेको छ । दाइजो एक प्रथा भएकोले बाध्यात्मक छ । यसले समाजमा असमानता, उत्पीडन, हत्या तथा हिंसा जस्ता जघन्य सामाजिक अपराधलाई पनि टेवा दिइरहेको हुन्छ । हाम्रो समाजमा हुने महिला हिंसा, आत्महत्या जस्ता घटना यसका ज्वलन्त प्रमाणहरू हुन् । विवाहपछि महिलाले दाइजो कम ल्याएकै बहानामा घरपरिवारका सदस्यहरूबाट नै अपहेलित हुनुपर्ने, शारीरिक तथा मानसिक तनाव खेप्नुपर्ने, कुटपिट, गालीगलोज गर्ने जस्ता घटना समाजका लागि सामान्य बन्दै गएको छ ।

मधेसमा केटाको पढाइ र जागिरलाई दाइजो मापन गर्ने माध्यमको रूपमा लिइन्छ । दाइजो प्रथा तराई/मधेसमा मात्र सीमित छैन्, हिमाल र पहाडमा पनि व्याप्त रहेको छ । भूगोलअनुसार नाम फरक भए पनि छोरीको विवाहमा विभिन्न नाममा सम्पत्ति दिने प्रचलन कायमै रहेको छ ।

दाइजो प्रथा होइन, कुप्रथा हो । दाइजो भनेको बुबाको सम्पत्तिमा छोरा सरह छोरीको पनि अधिकार हुनु हो त्यसैले यो प्रथा ठिक छ भनेर विश्लेषण गर्नेहरू पनि छन् । तर, बुबाको सम्पत्तिमा छोरीले अधिकार लिनको लागि दाइजो नै लिन जरुरी छ ? शिक्षा, स्वास्थ्यलगायतका छोरीको उज्ज्वल भविष्यका लागि बुबाले गर्न सक्ने धेरै पाटाहरू छन् ।

विवाहलाई हाम्रो समाजले पवित्र सांस्कृतिक तथा धार्मिक मान्यता प्रदान गरेको छ भने यो मान्यताभित्र विवाहमा दाइजो दिनुपर्छ भनेर कहीँ कतै उल्लेख गरिएको पाइँदैन । यो परम्पराको नाममा फैलाइएको भ्रम मात्र हो ।

नेपालको संविधान २०७२ ले महिलालाई आर्थिक, सामाजिक तथा राजनीतिक रूपमा अधिकार समान हुनुपर्ने परिकल्पना गरेको छ । यसरी कानुनी रूपमा लैंगिक समानताको बाटोमा हिँडेको नेपाली समाजले सामाजिक रूपमा विवाहको समयमा दाइजो प्रथालाई निरन्तरता दिनु विरोधाभास हो । विभिन्न समयमा दाइजो प्रथालाई सामाजिक अपराध हो भनेर निर्माण भएको कानुनलाई पानाहरूमा मात्र सीमित नराखी व्यवहारमै दाइजो प्रथालाई समाजबाट निराकरण गर्नु आजको आवश्यकता हो । हरेक सचेत नागरिकले दाइजो प्रथाले निम्त्याउने नकारात्मक पाटाहरूलाई संवेदनशील भएर मानसिक एवम् सामाजिक परिवर्तनका लागि ऐक्यबद्ध भएर अगाडि बढ्न जरूरी भइसकेको छ ।

२१ औं शताब्दीका शिक्षित महिलाहरूले दाइजो लिएर होइन अब्बल भएर अगाडि बढ्न सक्छु भन्ने मान्यता र सोचका साथ समाजमा विद्यमान दाइजो प्रथालाई हटाउन पहल थाल्नु अहिलेको आवश्यकता बनेको छ ।

यद्यपी, दाइजो दिनु र लिनु दुवै अपराध हो । हुनत् यसको लागि कानून नभएको होइन तर कानून पनि प्रभावकारी नहुनु र कार्यान्वयन पक्ष फितालो नहुँदा यसले समाजमा झन बढी प्रश्रय पाइरहेको छ । यदि दाइजो नामको यो प्रथालाई न्यूनीकरण गरियो भने निश्चय पनि मधेशमा छोरा र छोरीबीच हुने विभेदको पनि अन्त्य हुन जान्छ । हुन त अहिले आएर कतिपय बाआमाले छोरा र छोरीलाई समान रूपमा हेर्न थालेका छन् तर पनि दाइजो प्रथाले उनीहरूलाई कतै न कतै विवश बनाइरहेको कटु यथार्थ पनि छ ।

नियन्त्रणको चुनौती

दाइजो समाधानका लागि सबैभन्दा पहिले कडा कानुन बनाउनुपर्छ । तर कानुन बनाएर मात्र हुँदैन, त्यसको कार्यान्वयनका लागि विशेष पहल गर्नुपर्छ । छोरीलाई दाइजो होइन शिक्षा दिऊँ भनेर सबैतिर चेतना फैलाउन सक्नुपर्छ । मधेशी महिला आफ्नो शिक्षाका बारेमा सोच्न सकोस् र स्वतन्त्रतापूर्वक बाँच्न सकोस् भन्ने वातावरण सृजना हुनुपर्छ ।

राज्यले पनि दाइजो प्रथा नियन्त्रण गर्न कडा कानुन बनाई कार्यान्वयन गर्नु आवश्यक भएको छ । आजको समयमा कानुनले पनि महिलालाई पुरूषसरह अधिकार दिएको छ तर पनि दाइजोको नाममा महिला प्रताडित भइरहेका छन् । बुबाको सम्पत्तिमा पनि छोरीको हक लाग्ने भइसकेको छ । महिलाले पनि पुरूषले सरह अवसर र सुविधा पाएमा सक्षम व्यक्ति बन्न सक्छन् यो कुरालाई एउटा अभियानकै रूपमा चलाउनु पर्छ ।

यो कहालीलाग्दो स्थितिलाई जतिसक्दो छिट्टो अन्त्य गर्न जरूरी छ । यसका लागि सबै महिला एकजुट भएर यो प्रथाको विरोधमा उत्रने हो भने एक दिन अवश्य यो प्रथा हटेर जानेछ । दाइजो दिने वा लिने दुवैलाई दण्ड सजायको व्यवस्था गर्नुपर्छ ।

*-मधेश दर्पण फिचर सेवा)*

# अल्पसंख्यक समुदायको मूलप्रबाहीकरण

**साजन पासवान**

बालमैत्री शासनले सीमान्तीकरणको चपेटामा परेका समुदायलाई मूलप्रबाहीकरण गर्न सहयोग गर्ने उदाहरण बिराटनगरमा देखिएको छ । समुदायमा रहेको परम्रागत संस्थाहरूको सहकार्यमा यस्तो कार्य गर्न सकिन्छ ।

बिराटनगर महानगरपालिकाले महानगर भित्रका मदरसा विद्यालयका शिक्षक, विद्यार्थी र अभिभावकको संयुक्त प्रयासबाट बालमैत्री अभियान त सञ्चालन गरेकै छ, सामाजिक जागरणको क्षेत्रमा सीमान्तीकरणको चपेटामा परेको मुस्लिम समुदायलाई रुपान्तरण गर्न सहयोग गरेको छ । त्यसैको परिणाम स्वरुप बिराटनगर महानगरपालिकामा बसोबास गर्ने मुस्लिम घर परिवारबाट सतप्रतिशत बालबालिका विद्यालय जाने गरेका छन् भने विद्यालयलाई बालमैत्री बनाउन उनीहरूको प्रयास जारी रहेको छ ।

'मुस्लिम समुदायकै पहलमा मदरसा विद्यालयहरूको व्यबस्थापन तथा सञ्चालन आचारसंहिता पनि बनाएका छौं ।' सहबाजिया माध्यामिक विद्यालयका प्रधानाध्यापकसमेत रहनु भएका मोरङ मदरशा समितिका अध्यक्ष इमाम हैदरले थपे, 'यो आचारसंहिता बिराटनगर महानगरपालिकाका १९ वटै मदरसाले पालना गरेका छन् । यसबाट मदरसाहरू एकातिर राष्ट्रिय मूलधारमा समेटिएका छन् भने अर्कोतिर विद्यालयलाई बालमैत्री बनाउन सहयोग पुगेको छ ।'

मदरसाले तयार गरेको आचारसंहिताअनुसार मदरशामा पाठ्यक्रम विकास केन्द्रबाट स्वीकृत पाठ्यक्रमको मात्र शिक्षण हुने उल्लेख छ भने बालमैत्री स्थानीय शासनका सूचक अनुसार विद्यालयमा खानेपानीको उपलव्धता, छात्र छात्राको शौचालय, अतिरिक्त क्रियाकलापलगायत व्यबस्था गर्ने उल्लेख छ ।

'हाम्रो विद्यालयमा आचारसंहिता र शिक्षा नियमावलीअनुसार नै बहुभाषिक शिक्षा सञ्चालन गरिरहेका छौं ।' जामिया इश्लामिक मावि बिराटनगरका प्रिन्सिपल मोहम्मद् मुसलमानले भने, 'उर्दु, नेपाली र अंग्रेजी भाषालाई शिक्षणको माध्यम भाषा बनाईएको छ भने अरबिक लिपी पनि विद्यालयमा सिकाईने गरिएको छ ।'

'मदरसा धार्मिक विद्यालय भए पनि गुणस्तर शिक्षा दिलाउन बिर्सेका छैनौं' जामिया इश्लामिक माविका प्रिन्सिपल मुसलमानले थपे, 'हरेक शुक्रबार नमाज पढ्न समुदायका मानिस मदरसामा आउँदा मूलत: शिक्षाको महत्व, सामाजिक जीवन र परम्पराका बारे चर्चा हुने गरेको छ ।'

त्यसो त मदरशाका विद्यार्थीहरूले पनि समुदायमा गएर बालिका शिक्षाका बारे अभिभावकसँग छलफल चलाएको त्यहाँको बाल क्लबकी उपाध्यक्ष नैना खानले बताईन् । 'हाम्रो सहभागिता विद्यालय व्यबस्थापन समितिको बैठकदेखि घर परिवारको निर्णयमा पनि हुनु पर्छ भन्ने कुरा मदरसाको बाल क्लबबाट थाहा पाएकी हुँ । बालबालिकाका पढ्ने अधिकार, खेल्न पाउने अधिकारसँगै आफ्नो कर्तव्यबारे पनि यही आएर सचेत भएका छौं' उनले भनिन् ।

जामिया इश्लामिक माविका बाल क्लबका अध्यक्ष महम्मद सलमान आलमले विद्यालयमा भयरहित शिक्षा लागू भएको बताउँदै बालमैत्री शासन लागू भएपछि बिराटनगरका सबै शिक्षालयमा बालबालिकाको कुरा सुनुवाई भएको दाबी गरे ।

नेपाल जस्तो बहुभाषिक, बहुजातीय र बहुधार्मिक समाजमा मदरसाकै जस्तो शिक्षाले लोकतन्त्र फस्टाउने बिचार मौलाना महम्मद ताहिर कालमको थियो । आफ्नो संस्कृति, परम्परा र मान्यतालाई निरन्तरता दिँदै समुदायलाई मूलप्रबाहीकरण गर्ने र स्थानीय सरकारसँग हातेमालो गरेर सामाजिक रुपान्तरण गर्ने यो अभ्यास अन्यत्र पनि अनुकरणीय भएको स्थानीय नागरिक समाजका अगुवा खिलाराज निरौलाले बताए ।

नेपालका अल्पसंख्यक मुस्लिम समुदायमा शिक्षा, स्वास्थ्य तथा सार्वजनिक सेवामा पहुँचको अवस्था कमजोर रहेको छ । यो समुदायहरू पनि बालमैत्री स्थानीय शासनका कारण मूलप्रबाहिकरण गर्न बालबालिकामार्फत् भएको प्रयास सह्रानीय देखिन्छ ।

*–साभार: मीरेष्ट लेखमाला*

# आप्रबासी कामदारबारे महासन्धि अनुमोदन गरिने

काठमाडौं । संयुक्त राष्ट्र संघीय महासभाबाट पारित 'सबै आप्रबासी कामदारहरु तथा तिनीहरुका परिवारका सदस्यहरुको अधिकार संरक्षणसम्बन्धी महासन्धि, १९९०' लाई संसदबाट अनुमोदनको प्रक्रिया सुरु गरिने भएको छ । नेपाल आप्रबासी कामदारको स्रोत मुलुक भएको हुँदा यो महासन्धि र घरेलु कामदारसम्बन्धी आइएलओ महासन्धि १८९ अनुमोदनको आवश्यकता महसुस भएकाले नयाँ संसदको बैठक बस्न अगाडि नै अनुमोदनको प्रक्रिया थालिने श्रम तथा रोजगार राज्य मन्त्री डिल्ली चौधरीले बताए ।

'सबै आप्रबासी कामदारहरु तथा तिनीहरुका परिवारका सदस्यहरुको अधिकार संरक्षणसम्बन्धी महासन्धि, १९९०' हालसम्म ३६ राष्ट्रले अनुमोदन गरिसकेको र ५१ वटा मुलुक पक्ष राष्ट्र रहेका छन् । ९३ धारा र भाग ९ रहेको यो महासन्धि अनुमोदन भएमा वैदेशिक रोजगारमा जाने कामदारहरुको अधिकार सुरक्षित हुने अपेक्षा गरिएको छ ।

मन्त्री चौधरीका अनुसार केही अगाडि नै प्रक्रिया सुरु भएको भए यतिबेलासम्म उपलब्धिी. हात पर्ने दाबी गर्दै अहिलेको सरकारले 'होलमा हाल्ने' काम गर्ने बताए । 'होलमा नहाली गोल हुँदैन', यसमा सबै सरोकारवालको दबाब र चासो आवश्यक पर्ने पनि राज्य मन्त्री चौधरीले बताए ।

वैदेशिक रोजगारबाट .फर्किएर आएका कामदारको संस्था पौरखी नेपालबाट आयोजित अन्तरक्रिया कार्यक्रममा बोल्दै राज्यमन्त्री चौधरीले आन्दोलनले विकासलाई सहयोग गर्ने बताए । मुक्त कमैया आन्दोलनमा लामो समयसम्म सम्लग्न भइसक्नुभएका चौधरीले मुक्त कमैया आन्दोलन पनि श्रमकै आन्दोलन भएकाले नागरिक तहको आवाज राज्यले सुन्न पर्ने बताए ।

यस अघि राष्ट्रिय योजना आयोगका पूर्व सदस्य तथा श्रम बिज्ञ डा गणेश गुरुङले यी दुबै महासन्धिबाट मुलुकलाई कुनै क्षति नहुने र थप व्ययभार पनि नपर्ने भएकालाई महासन्धि अनुमोदन समयसापेक्ष हुने बताए । डा गुरुङले नेपालले विश्व सामू व्यक्त गरेको प्रतिबद्धता र मानव अधिकारको मूल्य मान्यताअनुप कदम चाल्नुपर्ने सुझाव दिए ।

त्यसरी नै राष्ट्रिय मानव अधिकार आयोगका सदस्य सुदीप पाठकले यो महासन्धि अनुमोदन गर्न सन् २०१४ मा नै नेपाल सरकारलाई सिफरिस गरेको जानकारी दिए ।

पूर्व सांसद पेम्बा लामाले दुबै महासन्धि र विद्यमान कानुनी प्रावधानका बारे प्रकास पारेकी थिइन् । पौरखी नेपालका अध्यक्ष मन्जु गुरुङको अध्यक्षतामा भएको कार्यक्रममा वरिष्ठ पत्रकार कुमार यात्रुले ती महासन्धि अनुमोदन नहुनुका पछाडि नेपाल भारतबीचको १९५० को सन्धि बाधक भएकाले हाल गठन भएको प्रबुद्ध समूहमार्फत विवाद समाधान गर्न सुझाव दिएका थिए । श्रेयुकर विश्व परिवारका कार्यकारी निर्देशक नवराज लामाले नेपालको परराष्ट्र नीति सन्तुलित र समयसापेक्ष सुधार गर्नुपर्ने राय राखेका थिए ।

# साहित्यकार प्रेमा शाह रहिनन्



काठमाडौं । नायिका जल शाहकी आमा साहित्यकार प्रेमा शाहको इन्टर माउण्टेन हस्पिटलमा निधन भएको छ । विक्रम संवत् २००२ सालमा बीरगञ्जको श्रीपुरमा जन्मेकी शाहका थुप्रै साहित्यिक कृति प्रकाशित भइसकेका छन् ।

०१६ सालमा साहित्यिक पत्रिका 'शारदा' मा उनको 'प्रतिक्रिया' शीर्षकको पहिलो कथा प्रकाशित भएको थियो । शाहको नेपाली भाषा साहित्यमा यौन मनोविज्ञानमा आधारित सशक्त कृति पँहेलो गुलाफ (कथा संग्रह ०२३) मा प्रकाशित भएको थियो । उनको अर्को कथा ०२८ सालमा प्रकाशन भएको 'विषयान्तर' यौनकै परिवेशमा लेखिएको थियो । 'ममी' पनि उनको अर्को चर्चित कृतिको रुपमा चिनिन्छ । उनका ६ वटा वालकथा र ३ बाल उपन्यास पनि प्रकाशित छन् ।

# नेपाली युवा अमेरिकामा भाषा विज्ञ

अमेरिकी राष्ट्रपतिको कार्यालयले कृष्ण शर्मालाई भाषा विज्ञको रूपमा नियुक्त गरेको छ । अमेरिकी नेपाली समुदायबीच एक असल तथा स्वतन्त्र छवि बनाएका शर्माले 'अमेरिकी सम्बाद' नामक टेलिभिज़न कार्यक्रम रोकेका थिए । शर्मा यसअघि 'दी राइजिङ नेपाल अंग्रेज़ी दैनिकमा उप-सम्पादक र अमेरिकी पत्रिका 'दी वासिंगटन पोष्टमा कार्यरत थिए । पछि उनी वासिगंन डीसीस्थित न्याय विभागमा भाषा शास्त्रीको रूपमा कार्यसम्पादन गर्थे । शर्मा नेपाल अमेरिका पत्रकार संघ (नेजा) का पूर्व अध्यक्षसमेत हुन् ।

# महतलाई नातिकाजी सम्मान

वरिष्ठ लोकगायक प्रेमराजा महतलाई नातिकाजी राष्ट्रिय पुरस्कारबाट पुरस्कृत गरिएको छ । लामो समयदेखि अमेरिका बसेर नेपाली लोक संगीतको सम्मृद्धि गरेकोले उनलाई उक्त सम्मान प्रदान गरिएको हो ।

उनका राष्ट्रिय तथा माया प्रेमका विभिन्न गीतहरु बजारमा आएका छन् । अमेरिकन समुदायमा समेत राम्रो सांगीतिक प्रभाव पार्न सफल महत नेपाल सरकारको तर्फबाट महावाणिज्यदुत समेत हुन् ।

कथा

# जीजीविषा

**आलोक**

सुरम्य नदीको तटमा दर्जनौं मन्दिरहरु छन् । केही धर्मशालाहरु छन् । अध्यात्म र धर्मको शिक्षा दिने गुरुकुलहरु छन् । एकहत्तर वर्षमा प्रवेश गरेका अमृत शर्मालाई खोज्दै एकजोडी दम्पत्ति त्यहाँ आइपुगे । वृद्धाश्रमका चौकीदारले सोधे- 'कसलाई भेट्न आउनुभएको ?'

युवती बोलिन्- 'दाइ यहाँ अमृत शर्मा बस्नुहुन्छ ?'

'हजुर, उहाँ यहीँ आश्रममा बस्नुहुन्छ । तपाईं उहाँको को ?' 'हामी उहाँका छोरी-ज्वाइँ ।' युवती बोलिन् ।

चौकीदारले उनीहरुलाई अमृत शर्माको कोठामा पुऱ्याए । छोरीलाई देख्नासाथ अमृत शर्माका आँखा रसाए । उनले गम्लङ्ग अँगालो हालेर सोधे- 'नानु, तिमीलाई सञ्चै छ ?' छोरी बोल्न सकिनन् । सुँक्क सुँक्क रुन थालिन् । 'नरोऊ बाबा, नरोऊ । मलाई सञ्चै छ । भगवान्को कृपाले आराम नै छु भन्नुपऱ्यो । ब्लडसुगर, कोलेस्ट्रल र ब्लड प्रेसर अलिकति बढे पनि औषधि खाइरहेको छु । पुराना साथीहरु यही आश्रममा छन् । सुरेन्द्र अंकल, ताराप्रसाद अंकल, कृष्ण अंकल सबैलाई चिन्छ्यौ नि तिमी त । हामी बूढाहरुका लागि यो ठाउँ स्वर्ग जस्तै छ । मेरो केही पीर मान्नु पर्दैन ।'

छोरीसँग आएको युवकतर्फ संकेत गर्दै अमृतले सोधे- 'तेजस्वी, उहाँलाई त चिन्न सकिन...।'

हजुरको ज्वाइँ । घर पोखरा हो ।' छोरी बोलन् ।

'कति भो बिहे गरेको ?' बूढाले सोधे । 'सात महिना भयो । काठमाडौंमा हामी एउटै अफिसमा काम गर्छौं...।' तेजस्वीले भनिन् । आफ्नी छोरीको बिहे हुँदा खबरसम्म नपाएकोमा अमृतको मन फेरि रोयो । उनले तेजस्वीको बाल्यकाल सम्झे । बुबा घरबाट बाहिर जाने बेलामा ऊ पछ्याउँदै रुने गर्थी । साँझमा बुबा घर फर्किंदा ऊ खुसीले पुलकित हुन्थी र दिनभरि स्कुलमा भएका घटनाहरु सुनाउँथी ।

'बाबा, मलाई आज मिसले पिट्नुभयो ।' ऊ गुनासो सुनाउँथी । 'बाबा, आज मेरो साथीको बर्थ डे हो । मैले हजुरलाई पनि चकलेट ल्याइदिएकी छु ।' ऊ बुबालाई चकलेट खुवाउँथी । 'बाबा, मलाई आज मम्मीले गाली गर्नुभयो । ऊ बुबालाई आमाको पोल लगाउँथी ।

'बाबा, स्कुलमा मलाई साथीले पिट्यो ।' ऊ ससाना कुरा पनि बुबालाई सुनाउँथी । आज अमृतलाई लाग्यो, छोराछोरीहरु पनि पखेटा उम्रिएका चराहरुझैं स्वतन्त्र उड्न चाहँदा रहेछन् । उनले छोरीजवाइँलाई आशिर्वाद दिँदै भने- 'भगवान्ले तिमीहरुलाई सुखी राखुन् ।'

अमृतको कोठाका भित्ताहरुमा आँखा दौडाइन् तेजस्वीले । पन्ध्र बीसवटा पुराना तस्बिरहरु छन् । दैनिक अखबारदेखि टेलिभिजनका सम्पादक र कार्यक्रम उत्पादक रहिसकेका पुराना पत्रकार अमृत शर्माका ती पुराना तस्बिरहरु हेरेपछि एकजना विदेशी पत्रकारले सोधेका थिए- 'सर, तपाईं किन नितान्त एक्लो बस्नुभएको...?'

अमृतले हाँसेर भनेका थिए- 'म एक्लो बसेको होइन, समाजमै छु । हिजोभन्दा पृथक् समाज । घर,जग्गा, सम्पत्ति, परिवार सबै त्यागेर मन र विचार मिल्नेहरुको बेग्लै समाजमा छौं हामी । आफ्ना सबै लोभ, आकांक्षा र महत्वाकांक्षा त्यागेर हामी यो रमणीय र शान्त ठाउँमा आएका छौं । यहाँ छलकपट, अभिमान र अहंकार केही छैन । कुनै स्वार्थ र प्रतिस्पर्धा छैन । केवल एउटा अभिप्सा, एउटा जीजीविषा बाँकी छ । बचेखुचेको जीवन हामी प्रभुको स्मरणमा बिताइदिन चाहन्छौं ।' अमृतराज शर्माको अन्तर्वार्ता सञ्चारमाध्यममा आएपछि थुप्रै पुराना साथीहरु उनलाई भेट्न तपोभूमि पुगेका थिए । काठमाडौंकी अनुपा शाह, भक्तपुरका विनोद सिंह, झापाका विमल क्षेत्री, इलामका प्रशान्त गौतम, पोखराका प्रदीपराज भण्डारीलगायतका थुप्रै साथीहरु भेट्दा रमाएका थिए अमृत ।

छोरीलाई अँगालो हाल्दै अमृतले सोधे- 'नानु, मम्मीलाई अचेल कस्तो छ ? सञ्चै छिन् ? मलाई सम्झिन्छिन् ? अझै मप्रति गुनासो छ कि उनले माफ गरिदिइन् ?' अमृतका प्रश्नहरु सुनेपछि तेजस्वी डाँको छोडेर रोइन । 'किन रुन्छ्यौ छोरी, भन न किन बोल्दिनौ ? कस्तो छ निशालाई ? उनको अल्सर निको भयो ? ढाड दुख्ने रोग ठीक भयो ? उनको स्वभाव त्यस्तै छ कि अलि फरक छ ? छोरी, तिम्री मम्मीले मेरो कुरा गर्छिन् होला होइन ? के भन्छिन् ? बाबालाई देख्न र भेट्न मन लागेको छ भन्छिन् ? मबाट भएका भूलचुक माफ गरिन् उनले ? बोल न छोरी । मलाई सुन्न मन लागेको छ ।' अमृत भावुक बनेर बोल्दै गए ।

बुबाको काखमा टाउको राखेर तेजस्वी झन् ठूलो स्वरले रुन थालिन् । 'बाबा, मम्मी यो संसारबाट बिदा भइसक्नुभयो । म यही दुःखद खबर सुनाउन हजुरलाई खोज्दै आएकी हुँ । हामीले कहाँ कहाँ खोजेनौं हजुरलाई । हरिद्वार, वृन्दावन, काशी सबैतिर खोज्यौं । इन्टरनेटमा हजुरको अन्तर्वार्ता पढेपछि आज यहाँ भेट भयो ।' तेजस्वीले रुँदै भनिन् ।

'के भनेकी छोरी तिमीले ? कसरी छोडेर जान सक्छिन् निशाले ? जाडोको हरेक रातमा मलाई सिरक ओढाएर टाउको सुमसुम्याउँथिन् । गर्मीमा पंखा चलाएर छेउमा बसी कपाल मुसार्थिन् । घर फर्किन अलिकति अबेर भयो भने दर्जनौंपल्ट मोबाइलमा फोन गरेर सोधिरहन्थिन् । उनको सधैं मप्रति एउटै गुनासो थियो- 'मैले धनलाई भन्दा किताबलाई मात्र महत्व दिने लोग्ने पाएँ । मैले उनीसँग तीस वर्षसँगै बिताएँ । तर उनले मलाई कहिले पनि योग्य भनिनन् । निशा अब रहिनन् भन्ने कुरा पत्याउन मलाई गाह्रो भएको छ छोरी । म कसरी पत्याउँ उनी रहिनन् भनेर ? कसरी पत्याउँ जीवित छिन् भनेर ?'

अमृत छोरीलाई समातेर धेरैबेर डाँको छोड्दै रोए ।

काठमाडौंमा पत्रकारिता विषयमा स्नातक गरिसकेका अमृत र निशाबीचको परिचय झाँगिँदै र हुर्किँदै जाँदा प्रगाढ प्रेममा परिणत भयो । समय बित्दै गयो । वर्षहरु बिते । पचास वर्ष नाघिसकेपछि एकदिन अमृतले निर्णय गरे- 'सधैं पत्नी, छोरी, ससुराली र आफन्तजनका आँखामा अधुरो अपुरो मान्छे ठहरिनुको सट्टा बाँकी जीवन किन रमाएर नबाँच्ने ? किन सधैं सम्झौता गरेर अपमान सहिरहने ? किन धनको पूजा गर्नेहरुलाई त्यागेर स्वतन्त्र विचरण गर्न नसक्ने ? मानिसले मलाई पलायनवादी भन्लान् तर अव्यक्त पीडाबाट पलायन पनि खुसीकै लागि हो ।'

आफ्ना ५-७ जोर लुगा र केही पुस्तकहरु बोकेर एकदिन घरबाट निस्केका अमृतराज सत्र-अठार वर्ष बेखबर बने । बेपत्ता भए । पति हराएपछि निशाले केही दिन ठूलो पीडामा दिनरात बिताइन् । पश्चात्ताप, ग्लानि, प्रायश्चित्त र छटपटीमा बिताइन् । उनलाई रोगले आक्रमण गरिरह्यो र एकदिन पतिको तस्बिर चुम्बन गर्दागर्दै उनले प्राण त्यागिन् ।

'जन्मदेखि मृत्युसम्मको यात्रा हो जीवन । अ अरुका लागि बाँच्न सिक्नेहरुलाई पाठशाला जस्तो छ जीवन । त्यसैले छोरी, भौतिक सुखसुविधामा होइन, परोपकारमा आनन्द लिन सिक । म यो तपोभूमिमा बसेर दुःखीजनहरुको सेवा गरिरहेको छु । छोरी, म अझै दुःखीहरुको सेवा गर्न केही वर्ष बाँच्न चाहन्छु । अभावग्रस्त र असहायलाई केही मद्दत गर्न चाहन्छु ।' बुबाको कुरा सुनेपछि तेजस्वीले आँसु पुछिन् । उनले दिवंगत आमालाई सम्झिइन् र मनमनै भनिन्- 'मम्मी, हजुरप्रति अब बुबाको कुनै गुनासो र क्रोध बाँकी छैन । बिछोड भए पनि उस्तै प्रेम र विश्वास पाएँ मैले । मम्मी, हजुरको आत्मालाई शान्ति मिलोस् ।'


झ्यालबाट आइरहेको चिसो हावाले अमृतका आँसुहरु बिस्तारै सुकाइदिए ।

# अमेरिकी सुरक्षा रणनीति सार्वजनिक



विष्णु भट्टराई







### चीन र रूसद्वारा कडा आलोचना

रुस र चीनले अमेरिका 'शीत युद्धकालीन मनस्थिति'बाट ग्रस्त भएको भन्दै ट्रम्पको राष्ट्रिय सुरक्षा रणनीतिको कडा आलोचना गरेका छन् । सो दस्तावेजमा रुस र चीनलाई 'विरोधी/प्रतिद्वन्द्वी' शक्तिका रूपमा उल्लेख गर्दै दुवै राष्ट्रसंघ सहकार्य नभई प्रतिस्पर्धामा जोड दिइएको छ ।

नयाँ राष्ट्रिय सुरक्षा रणनीतिमा रुस र चीनले अमेरिकी शक्तिलाई चुनौती दिइरहेको उल्लेख गरिएको छ । चिनियाँ विदेश मन्त्रालयले यो नीतिलाई 'शीतयुद्धकालीन मनस्थिति'को भएको भन्दै चर्को आलोचना गर्दै वासिंगटनलाई पुरानो विचार छाड्न चेतावनी दिएको छ ।

विदेश मन्त्रालयकी प्रवक्ता हुवा चुनिइङले भनिन्, 'कुनै पनि देश या रिपोर्ट विकृत तथ्य वा दुर्भावनापूर्ण बदनामीमा सफल हुँदैन । हामी अमेरिकालाई यस प्रकारका विकृत रणनीतिक उद्देश्यलाई त्याग्न अमेरिकालाई आग्रह गर्दछौं ।'

यसैबीच रुसले पनि अमेरिकाको नयाँ सुरक्षा रणनीतिको आलोचना गरेको छ । उसले यो रणनीतिलाई स्वीकार गर्न नसकिने बताएको छ । क्रेमलीनका प्रवक्ता दिमीत्रि पेस्कोभले भनेका छन्, 'पहिलो झलकमै सो सुरक्षा रणनीति साम्राज्यवादी देखिन्छ र विश्वमा एउटै मात्र सर्वोच्च शक्ति भएको परिकल्पनामा त्यो अड्किएको छ । तर यो रणनीतिको राम्रोसँग अध्ययन गरिनुपर्ने खाँचो रहेको छ ।'

आर्थिक पक्षबारे पनि सुरक्षा रणनीतिमा समेटिएको छ । आर्थिक तथा अन्य हिसाबले अमेरिकाले अर्को विश्वलाई के कस्तो व्यवहार गर्न चाहेको छ भन्ने कुरा पनि रणनीतिमा समेटिएको छ । उनले अरू विश्वलाई सहकार्यभन्दा पनि प्रतिस्पर्धामा जोड दिएका छन् । सो रणनीति सार्वजनिक गर्ने क्रममा गरेको सम्बोधनमा ट्रम्पले अमेरिकालाई प्रतिस्पर्धी शक्तिका रूपमा चीन र रुसले चुनौती दिइरहेको उल्लेख गरेका थिए ।

कुनै संघ वा व्यक्तिको नामै नलिई उनले अमेरिकाले आतंककारी, आतंकवादी संगठन, तथा विविध खालका आपराधिक सञ्जालबाट हिंसाको सामना गर्नुपरिरहेको र यो उसका लागि एक किसिमको चुनौती नै रहेको पनि बताए ।

सुरक्षा रणनीतिमा ट्रम्पले मेक्सिकोसँगको सीमामा पर्खाल लगाउने उनको चुनावी वाचाको खाका पनि प्रस्तुत गरेका छन् । चारवटा सिद्धान्त समावेश गरिएको सुरक्षा रणनीतिको



दस्तावेज निकै औपचारिक छ । जसमा मातृभूमिको सुरक्षा, अमेरिकी समृद्धिको प्रवर्द्धन, शक्तिमार्फत शान्ति प्रदर्शन गर्ने र अमेरिकी प्रभावलाई विस्तार गर्ने रहेका छन् । ६८ पृष्ठ लामो सो दस्तावेज तयार पार्न ह्वाइट हाउसका अधिकारीलाई ११ महिना लागेको बताइएको छ ।

अमेरिकाको नयाँ सुरक्षा रणनीतिमा चीन र रुसलाई 'अमेरिकी शक्ति, प्रभाव र रुसीलाई चुनौती दिने र अमेरिकी सुरक्षा र समृद्धिलाई नष्ट गर्न सक्ने शक्ति' का रुपमा उल्लेख गरिएको छ । रुस र चीन दुवै राष्ट्रले अमेरिकाका लागि खतरा भएको भन्ने विषयलाई अस्वीकार गरेका छन् ।

सुरक्षा रणनीतिमा उनले गत वर्ष भएको राष्ट्रपतीय निर्वाचनमा दिएको नारा 'अमेरिका फर्स्ट' लाई प्रतिविम्बित गरिएको छ । जलवायुसम्बन्धी पेरिस सम्झौताबाट अमेरिका अलग्गिनु र अन्तर-प्रशान्त साझेदारी सम्बन्धी व्यापारिक सम्झौता ट्रान्स-प्यासिफिक पार्टनरशीपबाट अमेरिका बाहिरिनुलाई उनले आफ्नो कार्यकालको सफलताको रुपमा प्रस्तुत गरेका छन् ।

ट्रम्पले विश्वका अन्य देशहरूसँगको सहकार्यभन्दा प्रतिस्पर्धामा जोड दिएका छन् । उनले रसिया र चीनलाई अमेरिकाको मुख्य प्रतिस्पर्धी बताएका छन् । अमेरिकालाई प्रतिस्पर्धी शक्तिका रूपमा चीन र रुसले चुनौती दिइरहेको उनले बताएका छन् । कुनै संघ वा व्यक्तिको नामै नलिई उनले अमेरिकाले अतिवादी संगठन, तथा विविध खालका आपराधिक सञ्जालहरूबाट हिंसाको सामना गर्नुपरेको बताएका छन् । अमेरिकी मान्यता र सम्पत्तिलाई अन्य प्रतिस्पर्धी देशले चुनौती दिने प्रयास गरिरहेको उनको भनाइ छ । ट्रम्पले राष्ट्रिय स्वार्थको संरक्षण गर्ने र अमेरिकी पहिला भन्ने आफ्नो मान्यतालाई सुरक्षा रणनीतिले सहयोग पुर्‍याउने विश्वास व्यक्त गरेका छन् ।

अमेरिकी सुरक्षा रणनीतिमा चीन र रसियाले अमेरिकी शक्तिलाई चुनौती दिने र वासिङ्टनको सुरक्षा र समृद्धिलाई अतिक्रमण गरेको उल्लेख छ । रणनीतिमा चीन र रसियाबारे अमेरिकाले विभिन्न आरोप लगाएको छ । चीन र रसियाले अत्याधुनिक हतियारको क्षमता वृद्धि गरेको र यसले अमेरिकालाई जोखिममा पारेको जनाइएको छ ।

त्यस्तै, चीनले अमेरिकाको अर्बौं डलर मूल्यबराबरको बौद्धिक सम्पत्ति चोरेको वासिङ्टनको आरोप छ । प्रभाव विस्तार गर्न चीन र रसियाले संयुक्त लगानी गरेको पनि प्रतिवेदनमा उल्लेख छ । युरोपमा चीनले अन्यायपूर्ण व्यापार अभ्यास र महत्वपूर्ण औद्योगिक गृहमा लगानी गरेको अमेरिकाले आरोप लगाएको छ ।

यसै वर्षको सुरुमा भएको साइबर हमलामा उत्तर कोरिया प्रत्यक्ष जिम्मेवार रहेको अमेरिकी प्रशासनले जनाएको छ । सो हमलाका कारण विश्वभरका अस्पताल, व्यापार गृह, बैंकलगायतका वित्तीय संस्था प्रभावित भएका थिए । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पका सहयोगी थोमस बोर्सटले मंगलबार सो आरोप लगाएका हुन् । अमेरिकाले पहिलोपटक आधिकारिक रूपमा उत्तर कोरियामाथि सो आरोप लगाएको हो ।

साइबर हमलाका कारण एक सय ५० देशका तीन लाख कम्प्युटर प्रभावित हुँदा अर्बौं डलरको क्षति पुगेको थियो । प्रमाणका आधारमा ती आरोप लगाइएको बोर्सटले दाबी गरे । बेलायतले गत नोभेम्बरमा उत्तर कोरियाले सो हमला गरेको बताएको थियो । मे महिनामा साइबर हमलापछि विन्डोज कम्प्युटर स्वतः बन्द भएका थिए । कम्प्युटर कार्यक्रम पुनः सञ्चालनका लागि ह्याकरहरूले निश्चित रकम मागेका थिए ।

*एजेन्सीहरुबाट*

## रोचक संसार


### नराम्रो काम गर्नेलाई थप्पड



ब्युटी तथा स्किन प्रडक्ट बनाउने एक चिनियाँ कम्पनी ननचन्ग रिन्हुआयुआन मेए नामक उक्त कम्पनीमा राम्रो कार्यसम्पादन नगर्ने कर्मचारीहरुले एक आपसमा थप्पड हानाहान गर्नुपर्दछ ।

समाचार अनुसार, कम्पनीले हालै एक कार्यक्रमको आयोजना गरेको थियो । उक्त कार्यक्रमको एउटा भिडियो भाइरल बनेको छ । जसमा केही महिला कर्मचारीहरु सबैको अगाडि एक अर्कामा थप्पड हानिरहेका देख्न सकिन्छ । हाकिमले नअह्राउन्जेल उनीहरुले थप्पड हानिरहेका छन् । कम्पनीका प्रवक्ताका अनुसार, हरेक वर्षको अन्त्यमा यस्तो कार्यक्रमको आयोजना गरिन्छ । वर्षभरमा राम्रो कार्यसम्पादन गर्न नसक्ने कर्मचारीहरुले एक आपसमै आफूलाई दण्डित गर्ने यस्तो प्रचलनले कर्मचारीहरुमा सामूहिक भावनाको विकास हुने दाबी कम्पनीको छ ।

### व्यक्ति पूजा हुने मन्दिर



भारतको बिहारस्थित अतरवालियामा एउटा यस्तो मन्दिर छ जहाँ भगवान होइन, एकजना मानिसको पूजा हुन्छ । उक्त मन्दिरमा भारतका चर्चित पूर्व क्रिकेटर सचिन तेन्दुलकरको पूजा गरिन्छ ।

सचिनलाई भारतमा क्रिकेटमा भगवान नै मानिन्छ । त्यसैले अतरवालियामा मानिसहरुले सचिनलाई साँच्चीकै भगवान बनाएर मन्दिरमा राखेका छन् ।अनि सचिनको मूर्तिमा नियमित रुपमा पूजा गर्दछन्।

सचिनको मात्र होइन, बलिउड अभिनेता अमिताभ बच्चनलाई पनि भारतीयहरुले पूजा गर्दछन् । भारतको कोलकातामा अमिताभ बच्चनको मूर्तिसहित एउटा मन्दिर नै बनाइएको छ । त्यहाँ मानिसहरुले उनको पूजा गर्दछन् ।

केवल क्रिकेटर तथा हिरोको मात्र होइन, भारतमा एकजना राजनीतिज्ञको पनि पूजा गरिन्छ मन्दिरमा । भारतको तेलंगानास्थित महबूब नगरमा सोनिया गान्धीको मन्दिर बनेको छ । त्यहाँ सोनिया गान्धीको मूर्ति राखेर उनको पुजा गर्ने गरिएको छ ।

### ३० अर्बको महल



साउदी अरबका राजकुमारले फ्रान्समा विश्वकै सबैभन्दा महंगो अत्याधुनिक महल किनेका छन् । फ्रान्सको लुभिजियन्समा भरसाइल इलाकामा रहेको दुनियाँको सबैभन्दा महंगो महल हो, यो । यसको अनुमानित मूल्य ३० करोड डलर अर्थात् ३० अर्ब रुपैयाँ पर्दछ ।

हतियार कारोबारी अदनान खशोगीका भतिजा एमद खशोगीले निर्माण गरेको यस महललाई साउदी अरबका राजकुमार मोहम्मद बिन सलमानले खरीद गरेका हुन् ।

यो महलको एक खास विशेषता भनेको यो प्राविधिक रुपमा अति नै विकशित छ । त्यहाँ सुन्दर पोखरी तथा पानीका फोहोरा छन् । महलभित्र रहेका बत्ती, महलभित्रको आवाज तथा हावालाई दुनियाँको कुनै पनि कुनामा बसेर एक आइफोनबाट नियन्त्रण गर्न सकिन्छ ।

यी राजकुमारले यसअघि लियोनार्दो दा भिन्चीको सल्भातोर मुन्डी नामक पेन्टिङ ४५ करोड डलरमा खरीद गरेका थिए । उनीसँग यो महलभन्दा पनि महँगो पर्ने ४४० फुटको एक जहाज छ जसमा दुई पूल, एक हेलिप्याड समेत छ । उक्त जहाजको मूल्य ४९ करोड ४० पर्दछ ।

### चौकीमा ढेंडु बाँदर



भारतको आगरा पुलिस अधिक्षक कार्यालयमा हालै एक ढेंडु बाँदरलाई तैनाथ गरिएको छ । वास्तवमा आगराको कलेक्ट्रेड अफिसमा बाँदरको आतंक निकै बढेको थियो । सोही कारण डिएम, एसएसपी कार्यालयलगायत अन्य कार्यालयको काम पनि प्रभावित भैरहेको थियो । बाँदरले अफिसका फाइलसमेत चोर्न थालेको थियो । फलस्वरुप आगराका एसएसपी अमित पाठकले एसएसपी कार्यालयमा लंगूर बाँदर तैथान गर्न आदेश दिए । त्यसपछि पुलिस कार्यालयमा एक लंगूर अर्थात् ढेंडुलाई नियुक्ति गरियो र बाँदर भगाउने प्रशिक्षण दिइयो । ढेंगुलाई नियुक्त गरी पुलिस कार्यालयमा तैनाथ गरेपछि त्यहाँ बादर आतंक रोकिएको छ । ढेंडुसँग डराएर त्यहाँ बादर आउन कम भएको छ ।

यसअघि विश्वको सबैभन्दा ठूलो सर्च इन्जिन कम्पनी गुगलको मूख्यालयमा बाख्रालाई भर्ना गरेर चौरमा पलाएको घाँस खाने जागिर दिइएको समाचार आएको थियो ।

गुगलको कार्यालयमा २ सयवटा बाख्रा कर्मचारी छन् । बाख्राले तलब पाउँछन् । गुगलले आफ्नो कार्यालय परिसरमा रहेको घाँस काट्नका लागि मेसिन प्रयोग गर्दैन किनकि घाँस काट्ने मेसिन प्रयोग गर्दा धुँवा तथा आवाज निस्किन्छ र त्यसले वातावरण प्रदूषित गराउँदछ ।

### पहिले एड्स हुने व्यक्ति

गत डिसेम्बर १ मा विश्वमा एड्स दिवस मनाइयो । १९८८ देखि यो दिनमा मानिसहरुलाई एचआइभी एड्सप्रति जागरुकता फैलाउनका लागि दिवस मनाउने गरिएको हो । अहिलेसम्म एड्स रोग निको पार्ने उपचार तथा औषधि पत्ता लागेको छैन ।

आखिर सबैभन्दा पहिले कुन व्यक्तिलाई एड्स भएको पत्ता लागेको थियो त ? अनि के कारणले मानिसमा पहिलोपटक एड्स सरेको थियो ?

वैज्ञानिकहरुका अनुसार चिम्पान्जीबाट मानिसमा एड्स सरेको हो । सन् १९०८ मा क्यामरुनको जंगलमा एक घाइते चिम्पान्जीले एक सिकारीमाथि आक्रमण गरेर टोकेको थियो । चिम्पान्जीको आक्रमणबाट सिकारीको सरीरमा गहिरो घाउ लाग्यो । घाइते चिम्पान्जीको रगत घाइते सिकारीको शरीरको घाउमा



मिसिँदा सिकारीको सरीरमा संत्रमण फैलियो ।

केही शोधकर्ताहरुका अनुसार यो भाइरस एकजना समलिंगी पुरुषबाट अन्य मानिसमा फैलिएको हो । तिनै व्यक्तिलाई दुनियामा एड्स फैलाउन जिम्मेवार मानिन्छ । गेटन डुगास नामक ती व्यक्तिका बारेमा सन् १९८० मा पूरा संसारलाई थाहा भयो ।

गेटन पेशाले क्यानडाली हवाई कर्मचारी थिए । उनले अमेरिकाका केही मानिसलाई संक्रमित गर्नका लागि आफुमा रोग रहेको जानीजानी यौन सम्बन्ध राखेका थिए । सोही कारण उनलाइ पेसेन्ट जिरोको नामले पनि चिनिन्छ ।

अमेरिकाको सन फ्रान्सिस्कोका डाक्टर हरुले पहिलोपटक यो भाइरस पत्ता लगाएका थिए । त्यसको दश वर्षभित्रमा एड्सबाट अमेरिकामा कम्तिमा ६० हजार मानिसको ज्यान गएको थियो ।

### ५ वर्षपछि बियरले चल्छन् गाडी

मानिसले मादक पदार्थ सेवन गरी गाडी चलाउन पाउँदैनन् । तर निकट भविष्यमा गाडीलाई नै मादक पदार्थ सेवन गराएर चलाइनेछ । शोधकर्ताहरुका अनुसार सन् २०२२ सम्ममा पेट्रोल डिजेलको साटो बियर हालेर गाडी चलाउन सकिनेछ ।

बेलायतको ब्रिस्टोल विश्वविद्यालयका वैज्ञानिकहरुले एक यस्तो प्रविधिको विकास गरेका, जसले बियर भरेर गाडी चलाउन पाइनेछ । यस प्रविधिमा बियरमा रहेको इथानोललाई ब्युटानोलमा परिणत गरिनेछ । जुन निकै उत्तम इन्धन हो र यसले पेट्रोल तथा डिजेलको विकल्प दिनेछ ।

वैज्ञानिकहरुका अनुसार यद्यपि सबैखाले मदिराजन्य पेय पदार्थमा इथानोल हुने भएतापनि बियरमा इथानोललाई ब्युटानोलमा सजिलैसँग परिवर्तन गरी सवारी साधनमा इन्धनको



रुपमा प्रयोग गर्न सकिन्छ ।

शोधकर्ताका अनुसार आउँदो ५ वर्षभित्रमा यस प्रविधिको पूर्णरुपमा विकाश तथा परीक्षण गरी व्यवसायिक प्रयोगमा ल्याउन सकिनेछ । जसबाट गाडीमा प्रयोग हुने पेट्रोलियम इन्धनको विकल्पको रुपमा बियर विस्थापित हुनेछ ।

### २०१७ को वर्ष शब्द




अक्सफोर्ड डिक्सनरीले सन् २०१७ का लागि Youthquake लाई वर्ष शब्द अर्थात् वर्ड अफ दि इयर घोषणा गरेको छ । यसको अर्थ एक्काइसौं सताब्दीको पहिलो दशकमा युवाअवस्थामा पुगेका अर्थात् मिलेनियल पुस्ताको मतदातामा रहेको राजनीतिक जागृतिलाई बुझाउँदछ ।

युथ क्वेक अर्थात् युवा कम्पन शब्दको पहिलो प्रयोग सन् १९६० को दशकमा Vogue पत्रिकाका सम्पादकले प्रयोग गरेका थिए । फेसन, संगीत तथा व्यवहारमा अचानक आएको परिवर्तलाई इंगित गर्न यसको प्रयोग गरिएको थियो ।

अक्सफोर्ड डिक्सनरीले युथक्वेकलाई सन् १९६० को दशकमा विद्याथी तथा युवाहरुको बीचमा कट्टर राजनीतिक तथा सांस्कृतिक उथलपुथलको श्रृंखलाको रुपमा परिभाषित गरेको छ । हालैका दिनहरुमा यो शव्दको प्रयोग पुनः उच्च दरमा हुन थालेको छ । यसले राजनीतिक परिवर्तन चाहने युवाहरुलाई जनाउने डिक्सनरीले जनाएको छ ।

अक्सफोर्ड डिक्सनरीका एक अधिकारी केसपर ग्रेथलका अनुसार यस वर्ष स्न् २०१७ मा युथक्वेक शव्दको प्रयोग विश्वमा भएका भाषणहरुमा ५ गुणासम्म बढेको पाइयो । बेलायतमा चाहीं गत जून महिनामा भएको आम चूनावमा निकै बढ्यो । स्मरण रहोस् गत वर्ष सन् २०१६ मा उयकत( तचगतज शव्द वर्ड अफ द इयर छनोट भएको थियो ।


### विश्वकै सानो देश

आधिकारिक रुपमा विश्वको सबैभन्दा सानो देश भ्याटिकन सिटी हो । तर यो धर्तीमा भ्याटिकनभन्दा निकै सानो एउटा देश पनि छ । यसको क्षेत्रफल ०.००४ वर्ग किलोमिटर छ । यद्यपि, यसले दुनियाँको सबैभन्दा सानो देशको रुपमा मान्यता पाएको छैन, तथापि इन्टरनेटमा तपाइँले यो देशका बारेमा विभिन्न जानकारीहरु प्राप्त गर्न सक्नुहुन्छ । यो देशको नाम हो, सिल्याण्ड । बेलायतको नजिक समुद्रमा रहेको यो देशलाई बेलायतले दोस्रो विश्वयुद्धका बेला बनाएको थियो । वास्तवमा यो कुनै प्राकृतिक टापु पनि होइन र समुद्रमा सेनाको आधार सिविर राख्नका लागि खडा गरिएको टावर हो । इंगल्याण्डको सफोल्क समुद्री तटबाट यो करीब १० किलोमिटर टाढा समुद्रमा रहेको छ । यद्यपि, यो देश अहिले खण्डहरु बनिसकेको छ र अहिले त्यहाँ स्थायी रुपमा कोही बस्दैन । तर यो सुक्ष्म राष्ट्रको कथा रोचक छ । सिल्याण्डलाई विभिन्न समयमा विभिन्न व्यक्तिले कब्जा गरे । रोय बेट्स नामका व्यक्तिले सन् १९६७ मा आफुलाई सिल्याण्डको राजा घोषित गरेका थिए ।

*एजेन्सीहरुबाट*

प्रेरक

## योग्यताको मापदण्ड



लालबहादुर शास्त्री त्यसबेला उत्तर प्रदेश राज्यका गृहमन्त्री थिए । उनका एक मित्र शास्त्रीलाई भेट्न आइपुगे । शास्त्री मित्र आउनुको कारण सोधे ।

मित्रले भने- 'शास्त्रीजी मेरो छोराले इन्स्पेक्टरमा अन्तर्वार्ता दिएको थियो । ऊ लिखितमा पास भयो । तर शारीरिक उचाइमा फालियो । आवश्यक मापदण्डभन्दा मात्र एक इन्च उसको उचाइ पुगेन । तपाईंले भनिदिनुभयो भने उसले इन्स्पेक्टरमा चान्स पाउँछ । तपाई त गृहमन्त्री हो नि । तपाईंले भनेको प्रहरी फोर्सले नमान्ने कुरै भएन ।

शास्त्रीले भने- हेर्नोस्, तपाईंको छोरा अयोग्य प्रमाणित भइसकेको छ । अयोग्यलाई योग्य हो भनेर पुष्टि गर्नका लागि म प्रहरी उच्च अधिकारीलाई दबाब दिन सक्दिनँ । शास्त्रीको कुराले मित्र कड्किए- तपाईं यति पुड्को हुनुहुन्छ र त गृहमन्त्री हुनुभयो ।

शास्त्रीले फेरि भने- गृहमन्त्री बन्नलाई कुनै उचाइ तोकिएको छैन तर इन्स्पेक्टर बन्नलाई मापदण्ड तोकिएको छ । तपाईंको छोरो पनि उक दिन मजस्तै गृहमन्त्री बन्न सक्छ । मैले चाहेर पनि इन्स्पेक्टर बन्न सक्दैनथें । मेरो कद नै छोटो छ । तपाईंको छोरा इन्स्पेक्टर बन्न सक्दैन । म जस्तै राज्यको गृहमन्त्री कुनै दिन बन्न सकोस् अग्रिम शुभकामना छ मेरो ।

# साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष

स्वास्थ्य कमजोर रहनाले सोचेको उपलब्धि तत्काल नपाइएला । रोकिएका काममा दोहोर्याएर प्रयत्न गर्नुपर्ला । शुभचिन्तकसमेत प्रतिपक्षीको प्रभावमा आउन सक्छन् । सहयोगको तत्परता देखाउनेहरू पछि हट्नेछन् । सोचेको समयमा काम नबन्न सक्छ । आफ्ना सूचना बाहिरिने समय रहेकाले गोपनीयतामा ध्यान पुर्याउनुहोला । उपलब्धिका लागि केही समय प्रतीक्षा गर्नुपर्ला ।

### बृष

गोप्य सूचना बाहिरिनाले समस्या पर्न सक्छ । सानातिना काम र घरेलु समस्यामा अल्झनुपर्ला । अर्थ अभावले पनि सताउन सक्छ । सामान्य काममा धन र श्रम खर्चनुपर्ला । विवादास्पद जिम्मेवारी वहन गर्नुपर्ने हुन सक्छ । कामको चाप बढ्नेछ भने शरीरमा समेत कमजोरी अनुभूति हुनेछ । अधुरा काममा पहिलेकै समस्या दोहोरिन सक्छन् । स्वास्थ्य उपचारमा खर्च बढ्नेछ ।

### मिथुन

मनोरञ्जनमा अलमलिँदा लक्ष्यमा बाधा पुग्नेछ । परिस्थिति अनुकूल रहे पनि भौतिक सुविधाले खर्च निम्त्याउन सक्छ । रमाइलो क्षणमा पनि मन खिन्न रहनेछ । केही अप्ठ्यारा परिस्थिति आउनाले सोचेको लाभ नमिल्न सक्छ । आफन्तसँग असमझदारी बढ्न सक्छ । निम्तो प्राप्त भए पनि आतिथ्य खर्चिलो बन्नेछ । यात्राका क्रममा वादविवाद भए पनि उद्देश्य पूरा नहुन सक्छ ।

### कर्कट

प्रतिस्पर्धामा उत्रनुपरे पनि बुद्धिको उपयोगले प्रतिष्ठा जोगाउन सफल भइनेछ । ईर्ष्या गर्नेहरूलाई पनि मिहिनेतको पाठ सिकाउन सकिनेछ । स्रोतसाधन जुट्नाले दिगो फाइदा हुने काम प्रारम्भ हुनेछ । हिम्मत गर्दा जटिल काम समेत सजिलै सम्पादन हुन सक्छ । प्रतिस्पर्धीहरूको मनोबल कमजोर हुनेछ । पहिले दुश्मनी गर्नेहरूले समेत मित्रताका हात अघि बढाउलान् ।

### सिंह

चिताएको काम रोकिनाले लक्ष्य प्राप्तिमा विलम्ब हुनेछ । अस्वस्थताले पनि उद्देश्यमा बाधा पुर्याउन सक्छ । अप्रिय समाचारले मन खिन्न रहनेछ । तापनि मिहिनेतले मौका दिलाउनेछ । व्यापारमा धेरै फाइदा नभए पनि पशुपालन र कृषिबाट सामान्य लाभ मिल्नेछ । हतारका काममा ढिलासुस्ती हुन सक्छ । पढाइलेखाइमा पनि सोचेजस्तो प्रगति गर्न नसकिएला ।

### कन्या

परिस्थितिअनुसार चल्न नसक्ता अलि दुस्ख पाइनेछ । हतारको निर्णयले काम बिग्रन सक्छ । महत्वाकांक्षी योजना कार्यान्वयनमा आफ्नैले बाधा पुर्याउन सक्छन् । बेसुरमा दिइएको वचनले अप्ठ्यारो पर्न सक्छ । अरूको फाइदाका लागि उपयोग भइने सम्भावना छ । मान्यजनको मन जित्ने प्रयत्न गर्नुहोला । आमाको सहयोग लिँदा फाइदा उठाउन सफल भइनेछ ।

### तुला

नयाँ काम प्रारम्भ गर्ने समय छ । चिताएको काममा सोचेजस्तै सफलता मिल्नेछ । दाजुभाइमा आत्मीयता बढ्नेछ भने प्रेम र मित्रताको बन्धनसमेत कसिलो हुनेछ । लगानी गर्दा व्यवसायमा मनग्गे धनलाभ हुनेछ । मिहिनेतले दिगो फाइदा दिलाउन सक्छ । पहिलेको उपलब्धिले पनि उत्साह जगाउनेछ । प्रतिस्पर्धीहरूले समेत सहयोगका हात फैलाउनेछन् ।

### बृश्चिक

आत्मविश्वासको कमीले पछि परिनेछ । शुभचिन्तकहरूको भावनालाई बेवास्ता गर्दा दुस्ख पाइनेछ । खर्च हुने डरले सताउन सक्छ । वादविवादबाट टाढा रहनुहोला । बलजफ्ती गर्ने बानीले आफैंलाई अप्ठ्यारोमा पार्न सक्छ । केही अप्ठ्यारा परिस्थितिसँग सम्झौता गर्नुपरे पनि बुद्धि लगाउँदा लक्ष्य पहिल्याउन सकिनेछ ।

### धनु

रमाइलो जमघटमा सहभागी बन्ने अवसर जुट्न सक्छ । आफन्तसँग भेटघाट हुनुका साथै स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ । पहिलेको सफलताले थप हौसला जगाउनेछ । नयाँ कामको प्रस्ताव आउनेछ भने सहयोगीहरूले उत्साह जगाउनेछन् । पहिलेका कमजोरी सुधार गर्दै फाइदा उठाउने समय छ । सुन्दर पहिरनका साथ व्यक्तित्व निखार्ने अवसर प्राप्त हुनेछ ।

### मकर

समयमा होस नपुग्नाले फजुल खर्च बढ्नेछ । चिताएका काममा अनायासै व्यवधान देखा पर्न सक्छ । खर्च गरेर पनि त्यति फाइदा उठाउन नसकिएला । आफ्नै कमजोरीले विवाद निम्त्याउनेछ । शुभचिन्तकहरूलाई बेवास्ता गर्दा दुस्ख पाइएला । परिवारजनबाट समेत टाढिनुपर्ला । प्रलोभन देखाउनेहरूले फसाउन सक्छन् । सद्विचारले अभिप्रेरित हुनेहरूलाई फाइदा हुनेछ ।

### कुम्भ

दैनिक आवश्यकता पूरा हुनेछन् भने मिहिनेतको फल प्राप्त हुनेछ । आम्दानी बढ्नाले उत्साह जाग्नेछ । श्रमको उचित मूल्य पाइनेछ । व्यापारमा राम्रै फड्को मार्न सकिनेछ । छोटो समयमै राम्रो उपलब्धि हातलागी हुनेछ । रोकिएको काम बन्नेछ भने जिम्मेवारी समेत बढ्न सक्छ । दिगो फाइदा हुने काम प्रारम्भ हुनेछ भने आर्थिक साझेदारीबाट पनि लाभ मिल्नेछ ।

### मीन

राम्रो कर्मफल प्राप्त हुनाले मन प्रसन्न रहनेछ । मिहिनेत गर्दा जीवनशैलीमा परिवर्तन आउनेछ । लगनशीलताले कीर्तिमानी दिलाउन सक्छ । सामाजिक क्षेत्रमा नेतृत्व हातलागी हुने सम्भावना छ । व्यापारमा पनि राम्रै फाइदा हुनेछ । प्रतिष्ठित काम गर्ने अवसर मिल्नेछ । विशिष्ट व्यक्तिको सहयोग जुट्नेछ । अरूलाई प्रभावित पारेर दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ ।

## 'मिस्टर झोले' पुसबाट

चलचित्र 'मिस्टर झोले' पौष २८ गतेबाट रिलिज हुँदैछ । चलचित्रले दर्शकलाई भरपुर मनोरञ्जन गराउने बताइएको छ । रामबाबु गुरुङद्वारा निर्देशन र रौनकविक्रम कँडेल कार्यकारी निर्माता रहेको चलचित्रलाई टेकेन खड्काले निर्माण गरेका हुन् । चलचित्रमा दयाहाङ राई, बर्षा राउत, दिया पुन, बुद्धि तामाङ, विजय बराल, कमलमणि नेपाल लगायतको अभिनय छ ।

चलचित्रमा दया र दियाको जोडीलाई देखाइएको छ भने बर्षाले बुद्धिसँग रोमान्स गरेकी छिन् । चलचित्रमा समावेश 'ओखती' बोलको गीत हिट भैसकेको छ । सार्वजनिक ट्रेलरले पनि दर्शकको मन जितेको छ । निर्माता टेकेन खड्का चलचित्रले दर्शकको मन जित्नेमा ढुक्क रहेको बताउँछन् ।

## 'तिरिमिरी झ्याइँ' को म्युजिक भिडियो सार्वजनिक

गायक नविन कटुवालको आवाजमा समावेश 'तिरिमिरी झ्याइँ' को म्युजिक भिडियो सार्वजनिक गरिएको छ । एक दशकभन्दा लामो समयदेखि गायन क्षेत्रमा सक्रिय रहेका कटुवालले यसपटक भने डान्सिङ नम्बर श्रोतामाझ ल्याएका हुन् ।

यो गीतमा नविको स्वर, प्रकाश नेपालीको संगीत, गणेश शाहको शब्द छ । भिडियोमा सुनिल, रोहनी लगायतको मोडलिङ छ । नविन आफैले भिडियोको निर्देशन गरेका हुन् । प्रिती गुरुङको कोरियोग्राफी रहेको भिडियोमा सरोज अधिकारीको छायांकन छ । पोखरामा भिडियो छायांकन गरिएको हो ।

## 'स्वर्ग मेरो गाउँ' माघमा

माघ १२ गतेबाट चलचित्र 'स्वर्ग मेरो गाउँ' रिलिज हुने भएको छ । गाउँलाई स्वर्ग बनाउन कस्सिएको एक युवाको कथालाई चलचित्रको पर्दामा उतारिएको छ । चलचित्रको मुख्य भूमिकामा नरेन खड्का, रामकृष्ण बजगाँई, भावना गुरुङ, शक्ति लम्साल, सुजता थापा, अष्ट महर्जनको अभिनय छ ।

कलाकार नरेन खड्काले राम्रो चलचित्र बनेकाले पनि दर्शकले मन पराउनेमा विश्वस्त रहेको बताए । पवन गौतमको छायांकन रहेको चलचित्रमा अष्ट महर्जनको एक्सन, गोविन्द राइको कोरियोग्राफी छ । चलचित्रलाई रामकृष्ण बजगाँइले निर्माण तथा निर्देशन गरेका हुन् ।

## 'कुटुमा कुटु' सर्वाधिक चर्चित

छोटो समयमै एक, दुई र तीन करोड हुँदै फिल्म 'दुई रुपैयाँ' को लोक लयको 'कुटुमा कुटु' बोलको गीतलाई युट्युबमा चार करोडभन्दा बढी पटक हेरिएको छ । यो भ्यूज आजसम्म कुनै पनि नेपाली गीतले युट्युबमा प्राप्त गर्न सकेका छैनन् । हुनत, रेकर्ड तोड्नकै लागि बन्ने हो र 'कुटुमा कुटु'को यो रेकर्ड पनि एकदिन नेपाली गीत नै तोड्ने पक्का छ ।

तर, नेपालको जनसंख्याभन्दा पनि बढी भ्यूज पाएको यो गीत नेपालमा सर्वाधिक रुचाइएको गीतमध्ये पहिलो स्थानमा पर्दछ । ६ महिनामा यो गीतलाई युट्युबमा चार करोड पटक हेरिएको हो । गीतलाई १ लाख ४० हजार लाइक र १८ हजार डिसलाइक मिलेको छ भने झन्डै साढे ९ हजार कमेन्ट प्राप्त भएको छ । अहिले युट्युब गीत र फिल्मलाई कतिले मन पराए कतिले पराएनन् भन्ने कुरा मापन गर्ने यन्त्र जस्तै बनेको छ ।

असिम शाहको निर्देशनमा तयार भएको 'दुई रुपैयाँ'को यो गीतमा निर्देशक निश्चल बस्नेत, आशिफ शाह र नायिका स्वस्तिमा खड्काले नृत्य गरेका छन् । गीतमा राजनराज सिवाकोटीको शब्द(संगीत र स्वरमा राजनराजलाई मेलिना राई र राजन ईशानले साथ दिएका छन् ।

## 'शत्रु गते' को गीत सार्वजनिक

आइतबार बौद्ध नजिकै रहेको निर्माणाधिन समता अस्पतालमा फिल्म 'शत्रु गते' को एक गीतको छायांकन भएको छ । लोक लयको 'रुपै मोहनी' गीतमा टंक बुढाथोकी र मिना निरौलाको स्वर छ । झन्डै ८० जना कोरससहित छायांकन गरिएको गीतमा फिल्मका सम्पूर्ण कलाकारहरुलाई प्रस्तुत गरिएको छ । फिल्ममा पल र आँचल, दीपाश्री र हरिवंश आचार्य, दीपकराज गिरी र प्रियंका कार्कीको जोडी बाँधिएको छ । फिल्म निर्माता समेत रहेका हास्यकलाकार हरिवंश आचार्यले 'रुपै मोहनी' बोलको गीत चाँडै बजारमा ल्याउने बताए ।

मह सञ्चारको प्रस्तुती र किरण केसीको निर्माणमा बनेको 'शत्रु गते' मा हरिवंश आचार्यको कथा, दीपकराज गिरी र प्रदीप भट्टराईको पटकथा, हरिवंश आचार्य र प्रदीप भट्टराईको संवाद छ । फिल्ममा दीर्घ गुरुङको छायांकन, कविराज गहतराजको नृत्य र राजनराज सिवाकोटीको गीत तथा संगीत सुन्न सकिनेछ ।

*(एजेन्सीहरुबाट)*

## अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Banal = उस्तै लाग्ने, नयाँपन नहुने वा मौलिकता नभएको वा चाख नलाग्दो, The comics hatched by him seem banal as it lacks originality (मौलिकताको अभावमा उसको प्रहसनमा कुनै नयाँपन छैन ।

Cacophonous = सुर नमिल्दो, The orchestra presented by the students last night was cacophonous (हिजो बेलुकी विद्यार्थीहरूले प्रस्तुत गरेको संगीत प्रस्तुतिमा प्रयोग भएका बाजाहरूको सुर एक अर्कासँगको समन्वयमा थिएनन् ।

Daunt = तर्सिनु, He was daunted by his father's intention to adopt an orphan (एक टुहुरोलाई धर्मपुत्र बनाउने आफ्नो बाबुको उद्देश्य देखेर ऊ तर्सियो)

Ebullient = उत्तेजना वा बढी चाख प्रदर्शन गर्नु, Being an inquisitive child, his ebullient nature can not be repressed (जे कुरा पनि थाहा पाउनुपर्ने किसिमको बालक भएको हुँदा उसको हरेक कुरामा चाख देखाउने बानी नियन्त्रण गर्न सकिंदैन)

Facetious = ठट्टा गर्ने, हँसाउने, खिल्ली उडाउने किसिमको, She is serious and does not like if someone deals her with facetious way (तिनी ज्यादै गम्भीर छिन्, कसैले सस्तो ठट्टा गर्ने किसिमले व्यवहार गरेमा मनपराउँदिनन्)

Gainsay = नकार्नु, No one can gainsay the fact that he was honest (ऊ इमान्दार छ भन्ने तथ्यलाई कसैले पनि नकार्न सक्दैन)

Harangue = प्रभावशाली र गतिलो भाषण, He is well known for his lenghty harangue (लामो, प्रभावशाली र गतिलो भाषणको लागि ऊ प्रख्यात छ)

Iconoclastic = मान्दै आएको परम्परालाई आक्रमण गर्ने प्रवत्ति Even in modern time the followers of one religion are iconoclastic towards other's tradition (आजको आधुनिक युगमा पनि एक धार्मिक समूहले अर्काको परम्पराप्रति आक्रमण गर्ने प्रवृत्ति कायम छ)

Jaunty = आफ्नै तालको, सोझो र आत्मविश्वास भएको, He is liked by almost of his friends for his jaunty style (अरुको कुरामा चाख नदेखाउने, सोझो र आत्मविश्वासी भएको हुँदा उसका सबैजसो साथीले उसलाई मनपराउँछन्)

Ken = ज्ञानको सीमा, To answer this question is beyond my ken (यस प्रश्नको जवाफ दिनु भनेको मेरो ज्ञानको सीमाभन्दा बाहिरको कुरा हो ।

## सामान्य ज्ञान

नेपालको सबभन्दा अग्लो मानव निर्मित वस्तु कुन हो ?
- धरहरा, २०५ फिट

नेपालमा सबभन्दा गर्मी हुने क्षेत्र कुन हो ?
- नेपालगन्ज

५६ वर्षको उमेरमा सगरमाथा चढ्ने व्यक्ति कुन देशका को हुन् ?
- सन् १९८५, बुक बस, अमेरिका

सय वर्षको युद्ध भन्नाले कुन युद्धलाई बुझिन्छ ?
- बेलायत र इटली

विश्वमा सबभन्दा बढी जनघनत्व भएको सहर कुन हो ?
- हङकङ

दुई देशमा बाँडिएको टापु कुन हो ?
- हिसपेनिओला टापु

दुर्लभ हुलाक टिकटको लिलाम गर्ने घरलाई के भनिन्छ ?
- अक्सन हाउस

अर्थशास्त्रका जन्मदाता मानिने प्रथम व्यक्ति को हुन् ?
- आदम स्मिथ

उमेर नपुगी विवाह गरेमा महिलालाई कुन रोग हुने अनुमान छ ?
- गर्भाशय क्यान्सर

'राम्रो ज्ञान हासिल गर्न सबभन्दा पहिले व्यवहार राम्रो हुनुपर्छ' कसको भनाइ हो ?
- श्याम दीपक

परिमार्जित रूपमा दौरा सुरूवाल कहिले प्रयोग भयो ?
- वि.सं. १४३७

स्वयम्भूको स्तुप कसले बनाएका हुन् ?
- गुणकामदेव

श्री ५ पृथ्वीनारायण शाहको मृत्यु कहिले, कहाँ र कति वर्षको उमेरमा भयो ?
- वि.सं. १८३१ माघ १ गते, त्रिशुली गण्डकीको किनारमा ५२ वर्षमा

श्री ३ रणोद्दिप सिंह राणा कसका छोरा हुन् र उनको जन्म कहिले भयो ?
- जंगबहादुर राणा, १८८२ वि.सं.

## फरक थाहा पाई राख्नुहोस्

Unable to (Incapable of) = असमर्थ हुनु As he has no job, he is unable to spend much or incapable of spending much काम नभएको हुँदा आजकल उसमा धेरै खर्च गर्ने क्षमता छैन ।

Disable = अपांग Vehicle accident made him disable forever गाडी दुर्घटनाले उसलाई सधैंका लागि अपांग बनाइदियो ।

Induct = प्रवेश गराउनु This month the club inducted many new members (यो महिनामा क्लवमा धेरै नयाँ सदस्यले प्रवेश गरे)

Deduct = सार खिच्नु His speech was so vague to deduct a conclusion (उसको भाषण सार खिच्नै नसकिने किसिमको विस्तृत थियो)

Ineffective = प्रभाव पार्न नसक्ने An ineffective speaker can not collect the mass (प्रभाव दिन नसक्ने वक्ताले भीड जम्मा गर्न सक्तैन)

Ineffectual = बेकम्मा All the remedies tried seemed ineffectual (खोजिएका सबै उपायहरू बेकम्मा जस्ता देखिए)

Inflict = थोपर्नु Do not inflict much burden of work on me (ममाथि धेरै कामको बोझ नथोपर)

Afflict = दुःख दिनु The agitators were afflicted with torture in the custody (आन्दोलनकारीहरूलाई बन्दी अवस्थामा यातना दिइएको थियो)

Informer = सूचना संवाहक His role as an informer was effective during the conference (सम्मेलनताका सूचना संवाहकको रुपमा उसको भूमिका प्रभावपूर्ण थियो)

Informant = सुराकी As he was proven informant, the Maoist killed him (सुराकी गरेको प्रमाणित भएकोले माओवादीले उसलाई मारी दिए)

## सुडोकु-अंक ८२

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ७ | ३ | | | | ५ | १ | | |
| ६ | | | | ५ | | | | २ |
| २ | | ५ | ७ | | १ | ४ | | ९ |
| | | | ९ | | २ | | | |
| | | १ | | | | ९ | | |
| | | | ५ | | ३ | | | |
| ८ | | २ | ३ | | ५ | ७ | | १ |
| १ | | | | ८ | | | | ३ |
| | ६ | ४ | | | | ८ | २ | |

## अंक ८१ को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ९ | २ | ६ | ३ | ८ | १ | ७ | ४ | ५ |
| ७ | १ | ३ | २ | ५ | ४ | ६ | ९ | ८ |
| ५ | ४ | ८ | ९ | ७ | ६ | १ | २ | ३ |
| २ | ५ | ७ | ६ | ३ | ८ | ९ | १ | ४ |
| ८ | ३ | १ | ४ | ९ | २ | ५ | ७ | ६ |
| ४ | ६ | ९ | ५ | १ | ७ | ८ | ३ | २ |
| ३ | ७ | ४ | १ | ६ | ५ | २ | ८ | ९ |
| ६ | ८ | २ | ७ | ४ | ९ | ३ | ५ | १ |
| १ | ९ | ५ | ८ | २ | ३ | ४ | ६ | ७ |

# किशोरकिशोरीहरुलाई तालिमका झलकहरु

















**काभ्रेस्थित बालबालिका तथा किशोरकिशोरीहरूका लागि तालिम सञ्चालन**

बाल विकास समाजद्धारा सन्चालित ईटाभट्टामा कार्यरत बालबालिकाहरुका लागि सञ्चालित परियोजना अर्न्तगत काभ्रे जिल्लामा विभिन्न क्रियाकालापहरु सञ्चालन भएका छन् । उक्त क्रियाकलाप अर्न्तगत किशोरकिशोरीहरुका लागि जिवन उपयोगी सीप तालिम दिइएको थियो । तालिममा विभिन्न विद्यालयमा अध्ययन गर्नै २३ जना किशोरकिशोरीहरुको सहभागिता रहेको थियो ।

तालिममा जिवनोपयोगी सीपका १० वटा विषयका बारेमा छलफल गाइएको थियो । तालिममा सहभागिहरुलाई बाल दर्व्यवहारको बारेमा पनि जानकारी दिइएको थियो । सहभागीहरुले सक्रियता पूर्वक तालिममा भाग लिएका थिए । सो तालिम पाएपछि सहभागीहरु धेरै नै खुशी देखिन्थे । उनीहरुले बाल विकास समाजले यो तालिम हाम्रा लागि सञ्चालन गरेकोमा धेरै खुशी लागेको र हामीले सिकेको कुरा व्यवहारमा उर्तार्ने र साथीहरुलाई पनि यो कुरामा जानकारी दिने प्रतिवद्धता जनाएका थिए ।

त्यसैगरी उनीहरुले तालिम पाएपछि आफुलाई वा समुदायमा कसैले दुर्व्यवहार भएमा १०९८ मा सम्पर्क गर्नु पर्ने कुरा सिकेका थिए । सहभागीहरुले माया र दुर्व्यवहारको फरक छुट्टयाउन सक्ने भएका छन । तालिममा सकारात्मक सोचको विकास हुन्छ, त्यसैगरी प्रजनन स्वास्थ्यको बारेमा पनि जानकारी व्यापक रुपमा छलफल गराइएको थियो । विभिन्न किसिमका हिंसाको बारेमा सहभागीहरुले जिज्ञासा राखेका थिए । त्यसैगरी भित्ते चित्र लेखन कथा लेखन तालिम पनि कमिकको माध्यमले दिइएको थियो ।

यसबाट जनचेतनामुलक सन्देश प्रवाह गर्न सकिने कुरा प्रति उनीहरुलाई छलफल गरिएको थियो । सोही तालिममा चित्र बनाउने कला सिक्ने मौका आदि कुराको बारेमा पनि व्यापक रुपमा छलफल गराएको थियो । दोस्रो चरणमा २१ जना किशोरकिशोरीहरुको सहभागिता रहेको थियो । ईटाभट्टामा काम गर्ने किशोरकिशोरीहरुलाई लक्षित गरी तालिम चलाइएको हो । विपद् जोखिम न्युनिकरण सम्बन्धी पनि छलफल गाराइएको थियो ।

यो तालिममा बालबालिकाहरुलाई विपद्पुर्व , विपद्को समय र विपद्पछि के गर्न सकिन्छ भनि जानकारी दिइएको हो । त्यसैगरी बालक्लवका बारेमा सामान्य छलफल गराइएको हो । बाल क्लबको बारेमा जानकारी पाएकाबाल अधिकारका बारेमा जानकारी पाएका बालबालिकाहरुले विद्यालय वरीपरी कतिको जोखिम रहेछ भनि पत्ता लगाएको सहभागि संख्या २४ जना २ वटा बाल क्लबका सदस्यहरु स्वास्थ्य,सरसफाई सम्बन्धि अभिमुखिकरण २ वटा बाल क्लबका सदस्यहरु ४७ जनालाई रोगहरुको बारेमा , स्वास्थ्यको बारेमा , सरसफाईको बारेमा , पानीको बारेमा र अन्तमा हात धुने विधीको बारेमा पनि जानकारी गराइयो ।

**भक्तपुरमा अभिमुखीकरण कार्यक्रम**

बाल विकास समाज तथा युनिसेफको् साझेदारीमा भक्तपुर जिल्लामा सञ्चालित परियोजना अर्न्तगत भक्तपुर जिल्ला चाँगुनारायण नगरपालिकाको नगरस्तरीय बाल संरक्षण तथा सम्बर्धन समितिको आयोजना तथा भक्तपुर जिल्ला बाल कल्याण समितिको समन्वयमा र युनिसेफ र बाल विकास समाजको सहयोगमा सुर्य विनायक नगरपालिकामा नगपालिकाका वडा अध्ययक्ष तथा सदस्यहरु र सामाजिक परिचालकहरुको सहभागितामा घट्ना व्यवस्थापन विषय कार्याशाला गोष्ठी सम्पन्न भएको हो ।

उक्त कार्यक्रममा बाल संरक्षण समितिका पदाधिकारी तथा वडा अध्यक्षहरु तथा सदस्यहरु बाल विकास समाजका यो सामाजिक कार्यकर्ताहरुको सहभागिता रहेको थियो । कार्यक्रममा बाल संरक्षण घट्ना व्यवस्थापनको महत्व तथा बाल संरक्षण सम्बन्धी छलफल तथा बालबालिकालाई घरपरिवार तथा समाजमा कसरी बालबालिकाहरुको संरक्षण गर्ने भन्ने कुराको बारेमा व्यापक रुपमा छलफल भएको हो । त्यसैगरी कार्यक्रममा सहजकर्ताको भूमिका संस्थाका कर्मचारी सुभास रेग्मीले गर्नु भएको थियो ।

सोही कार्यक्रममा सबै सामाजिक परिचालकहरुलाई आ



आफ्नो वडामा बालबालिका सम्बन्धी कार्यान्वयन भएका कार्यक्रमहरु तथा आगामी कार्यक्रमहरुको योजनाका बारेमा पनि छलफल गरिएको थियो । आफ्नो वडामा सबैले बालबालिकाहरुको समस्यालाई मुख्य समस्याको रुपमा ल्याएर स्थानीय निकायमा लान सकेको अवस्थामा उनीहरुका समस्याहरुको निराकरण हुने कुरामा दुईमत नहोला ।

बालबालिकाहरुलाई विभिन्न समस्याले सताइरहेको हुने तर उनीहरुले कसैलाई नभन्ने हुनाले वयष्कहरुले यो कुरालाई मध्यनजर गरी वडामा उनीहरु प्रति चनाखो हुने दायित्व हो । त्यसैकारणले गर्दा वडा संरक्षण समितिहरु गठन गरी बालबालिकाहरुका लागि काम गरिएको हो ।

कार्यक्रमको अन्त्यमा वडा अध्यक्ष तथा सदस्यहरुले बालबालिकाहरुको समस्यालाई वडामा उठान गरी सोही अनुसार सम्बोधनका लागि पहल गर्ने कुरा बताउनु भएको थियो ।

**प्रस्तुति : गोविन्द वि क**

## लामाले...

जोगाउन सेटिङका नाममा लामाले त्यस्ता वरिष्ठ अधिकारीहरुबाट करोडौं असुलेका थिए ।

अख्तियारको मुद्दाविरुद्ध सेटिङ गर्ने बहानामा लामाले करोडौं उठाए पनि सो रकम कसलाई कहाँ बुझाए, त्यसको भेउ पाउन नसकेपछि सो कुराको गुनासो कुलमानसँग उनकै सहकर्मीहरुले गर्न थालेका छन् । लामो समय बितिसक्दा पनि अख्तियारको अनुसन्धान नटुंगिएपछि लामाले आफ्नो रकम कतै खर्च नगरी आफैंले हजम गरेको निष्कर्षमा ती वरिष्ठ अधिकारीहरु पुगेका छन् ।

**- विष्णु भट्टराईबाट**

## एमाले–माओवादी...

जिम्मेवारी र संगठनात्मक स्वरुपबारे तीनवटा विकल्पसहित छलफल हुने बताइन्छ । एमालेका तर्फबाट दुई अध्यक्ष सम्मिलित अध्यक्ष मण्डल बनाएर जाने प्रस्ताव छ । तर यसमा माओवादी ने ताहरु सहमत छैनन् । माओवादी नेताहरु भने एउटा अध्यक्षले सरकार चलाउने, अध्यक्ष भएकाले पार्टी संगठनमा पनि सहभागी हुने हुँदा अर्को अध्यक्ष सेरेमो नियल जस्तो देखिने भनिरहेका छन् ।

दुवै पार्टीका कमिटीहरु भंग गरेर महाधिवेशन आयोजक समिति तय गरेर जाने दोस्रो विकल्पबारे छलफल हुँदैछ । माओवादी केन्द्रले सरकारको नेतृत्व एमालेले लिए पार्टी संयोजक आफ्नो भागमा आउनुपर्ने अडान र ख्दैछ । पार्टी अध्यक्षसहित पदाधिकारी तोकेरै आगामी महाधिवेशनसम्म जाने गरी छलफल हुँदैछ । एकजना अध्यक्ष, तीनजना उपाध्यक्ष, दुई जना महासचिव र सात जना सचिव तयार गरेर जाने तेस्रो विकल्प छलफल हुने भएको छ । माधवकुमार नेपाल, झलनाथ खनाल र नारायणकाजी श्रेष्ठलाई वरिष्ठ नेतालाई वरिष्ठ नेता मान्ने तीन उपाध्यक्षमा दुई एमाले एक माओवादी, दुई महासचिवमा दुवै पार्टीका एक एक जना रहने र सात सचिवमा एमालेका तर्फबाट ४ र माओ वादीबाट ३ जना रहने विषयमा छलफल हुने बताइन्छ ।

## राष्ट्रियसभा...

क्षेत्रमा प्रयोग हुने विधि हो । ०४७ सालको संविधानले राष्ट्रियसभा सदस्यको निर्वाचन एकल संक्रमणीय मत प्रणालीको आधारमा हुने व्यवस्था गरेको थियो तर संघीय गणतान्त्रिक वर्तमान संविधानमा राष्ट्रियसभा गठनको लागि यस्तो निर्वाचन प्रणाली उल्लेख गरिएको छैन । यस प्रकारको निर्वाचन प्रणालीमा मतदाताले उम्मेदवारहरुलाई प्राथमिकता क्रमका आधारमा मतदान गर्छन् । मतदाताले एक वा एकभन्दा बढी उम्मेदवारलाई मतदान गर्न पाउँछन् तर एकभन्दा बढी उम्मेदवारलाई मतदान गर्दा समान प्राथमिकता नदिई प्राथमिकता क्रम तोकेको हुनुपर्छ । समानुपातिक पद्धतिका सबै प्रकारको फाइदा यस पद्धतिमा पनि निहित हुन्छ । समावेशीकरण खेर जाने मतको न्यूनता, साना दलहरुको समेत सहभागिता एकल संक्रमणीय मत प्रणालीका विशेषता हुन् । विश्वका केही मुलुकमा विधायिकी निर्वाचनमा मात्र यसको प्रयोग हुँदै आएको छ । सानो एकाइमा मात्र यस निर्वाचन पद्धतिको अवलम्बन सान्दर्भिक हुने भएकाले समानुपातिक भइकन पनि उम्मेदवार मतदाताबीच सम्बन्ध कायमै रहन्छ । यसले मत सट्टापट्टा

गर्न पनि छुट दिने भएकाले दलीय गठबन्धनलाई निर्वाचित हुनका लागि निश्चित मतकोटा पार गर्नुपर्छ । निश्चित थ्रेसहोल्ड पार गरेका दलको पहिलो प्राथमिकतामा परेका उम्मेदवारले प्राप्त गरेको मत बाँकी रहेपछि अर्को उम्मेदवारमा सर्दै जान्छ र उम्मेदवार सूचीअनुसार निर्वाचित हुँदै जान्छन् । यो प्रणालीमा सिट निर्धारण विधि प्रयोग गरिन्छ । निर्वाचित हुने सिट संख्यामा १ जोडेर आउने संख्यामा फेरि १ जोडेर निर्वाचित हुन आवश्यक मतसंख्या निकालिन्छ । एकल संक्रमणीय प्रणालीमार्फत मतदान हुँदा मत दिने व्यक्तिले दुई समूह (खुला र महिलातर्फ) का तीन/तीन उम्मेदवारलाई प्राथमिकताका आधारमा १,२,३ गरी मतदान गर्छन् । वाम गठबन्धनको पहिलो उम्मेदवारले जिल्लका लागि २ हजार ३ सय ५० भन्दा बढी मत ल्यायो भने यो बढी मत प्राथमिकताका आधारमा अर्को उम्मेदवारमा जान्छ । यो मत जोड्दा जित्न आवश्यक मत दोस्रो उम्मेदवारले पुऱ्याएको खण्डमा त्यो उम्मेदवार विजयी हुन्छ, अन्यथा यो मत अर्को गठबन्धनको उम्मेदवारमा जान्छ र त्यही उम्मेदवार विजयी बन्ने सम्भावना हुन्छ । यसरी बढी मत एक उम्मेदवारबाट अर्को उम्मेदवारमा सर्दै जाने यो निर्वाचन प्रणालीलाई नै एकल संक्रमणीय भनिएको हो ।

**यो हो बहुमतीय प्रणाली**

राष्ट्रियसभामा प्रत्येक प्रदेशबाट ८ जनाका दरले प्रतिनिधित्व हुन्छ जसमा एक जना दलित र एकजना अल्पसंख्यक वा अपांगतामध्येबाट छानिन्छ । बाँकी ६ सदस्यमा तीन महिला अनिवार्य हुनुपर्छ भने तीन जनाचाहिँ खुला प्रतिस्पर्धाबाट छानिन्छन् । एक एक जना निर्वाचित हुने दलित र अल्पसंख्यकतर्फको हकमा एकल संक्रमणीय पद्धति लागू हुँदैन । बहुमत जसले प्राप्त गर्छ, त्यही विजयी हुन्छ । यस हिसावले जुन उम्मेदवारले सबैभन्दा धेरै मत ल्याउँछ, उही निर्वाचित हुने प्रणाली नै बहुमतीय प्रणाली हो । राष्ट्रियसभामा प्रत्येक प्रदेशबाट निर्वाचित हुने खुलातर्फ तीन र महिलातर्फ तीन जनाको निर्वाचनमा भने एकल संक्रमणीय वा बहुमतीय कुन प्रणाली अपनाउने भन्नेमा अहिले विवाद देखिएको हो ।

संविधानको धारा ७६ (८) ले प्रस्ट रुपमा प्रतिनिधिसभा निर्वाचनको अन्तिम परिणाम घोषणा भएको मितिले ३५ दिनभित्र प्रधानमन्त्री नियुक्तिसम्बन्धी प्रक्रिया सम्पन्न गरिसक्नुपर्ने व्यवस्था गरेको छ । निर्वाचन आयोगले समानुपातिकतर्फको मतगणना पनि अन्तिम चरणमा पुगेको जनाएको छ । वाम गठबन्धन सरकार निर्माणको गृहकार्यमा जुटिसकेका छन् । तर प्रधानमन्त्री शेरबहादुर देउवा भने राष्ट्रियसभाको गठनपछि मात्र सरकार छाड्ने मुडमा छन् । सरकारले राष्ट्रपतिलाई विधेयक स्वीकृत गर्न दबाव दिइरहेको छ । राष्ट्रपति दलीय सहमति गर्न सुझाइरहेकी छन् । संविधानतः राष्ट्रियसभाको उपस्थिति सरकार गठनका लागि अनिवार्य छैन । प्रतिनिधिसभाको सदस्य मात्र प्रधानमन्त्रीका रुपमा नियुक्त हुने र निजको अध्यक्षतामा मन्त्रिपरिषद् गठन हुने सवैधानिक व्यवस्थाका कारण राष्ट्रियसभाको उपस्थिति अनिवार्य नमानिएको हो । यस अर्थमा प्रधानमन्त्री देउवाले पदबाट राजीनामा दिएर नयाँ सरकार गठनका लागि मार्गप्रशस्त गर्नुपर्ने हो । तर उनी राष्ट्रियसभाको गठनबिना राजीनामा दिनेवाला छैनन् । यसले ताजा जनादेशको घोर अपमान भइरहेको छ । जनताले वाम गठबन्धनलाई सरकार निर्माणको प्रस्ट आदेश दिएका छन् । लोकतन्त्रमा जनमतको सम्मान गरिन्छ तर कांग्रेस निर्वाचनमा हारेर पनि राष्ट्रियसभामा आफ्नो उपस्थिति बढाउन एकल संक्रमणीय विधिको रोइलो गरिरहेको छ ।

## धेरै...

गर्ने र आवश्यक परेको खण्डमा जस्तोसुकै परिवर्तन गर्ने कुरा संविधानमै उल्लेख भएकाले अब स्थायित्व र विकासतर्फको फैसला कसैले उल्टाउन नसक्ने दाबी उहाँले गर्नुभयो । प्रचण्डको सम्बोधन अत्यन्तै संक्षिप्त रहेको थियो ।

गणतान्त्रिक मञ्चको अध्यक्ष तथा साहित्यकार बाबा बस्नेत र गणतान्त्रिक मञ्चको टिमले प्रचण्डलाई अभिनन्दन गर्दै बधाई ज्ञापन गरेको थियो । कार्यक्रममा काठमाडौं विश्वविद्यालयका उपकुलपति प्रा.डा. रामकण्ठ माकाजु, मञ्चका सल्लाहकार राजेश जोशी, उपाध्यक्ष कमल सिटौला, महासचिव राजु आचार्य अधिवक्ता होमकान्त चौ लागाईं लगायतका व्यक्तिहरुको मञ्चमा उपस्थिति रहेको थियो ।

## पत्रकार...

समानुपातिक र व्यवस्थित ढंगको विज्ञापन प्रणाली लागू हुन आवश्यक रहेको भन्दै राज्यले साना लगानीका अखबारलाई संरक्षण गर्न आवश्यक रहेकोमा जोड दिनुभयो । पत्रकारिता पेसालाई व्यवस्थित र मर्यादित बनाउन आचारसंहिताको पालना गर्नुपर्नेमा ध्यान दिन आग्रह गर्नुभएको थियो ।

प्रेस काउन्सिलका अर्का सदस्य ईश्वरी ओझाले प्रेस काउन्सिलले गरिरहेका कामहरुका बारेमा जानकारी गराउनुभएको थियो । प्रेस काउन्सिलका मुख्य अधिकृत झविन्द्र भुसालले आचारसंहिता र पत्रपत्रिका वर्गीकरणको बारेमा ओझपूर्ण ढंगले प्रस्तुति दिनुभएको थियो । उहाँले आचारसंहिता उल्लंघनका उदाहरणहरु प्रस्तुत गर्दै दण्ड सजायका बारेमा समेत स्पष्ट ढंगले बताउनुभएको थियो । पत्रपत्रिकाको वर्गीकरण निष्पक्ष रुपमा हुने र कसैको भनसुन नचल्ने भन्दै मुख्य अधिकृत भुसालले वर्गीकरणका आधार हरुबारे विस्तृत रुपमा चर्चा गर्नुभएको थियो । त्यसैगरी उहाँले इलेक्ट्रिकल माध्यमहरुको समेत काउन्सिलले नियमित अनुगमन गरिरहेको जानकारी दिनुभएको थियो ।

सूचना विभागका महानिर्देशक तथा प्रेस काउन्सिल नेपालका सदस्यसचिव वीरबहादुर राईले कार्यक्रममा सम्बोधन गर्दै पत्रकारहरुलाई सधैं सकारात्मक र सिर्जनात्मक कसरी हुन सकिन्छ, त्यसबारेमा सोच्न सुझाव दिनुभयो । समय, ज्ञान र विवेकको महत्वपूर्ण लगानी भइरहेको पत्रकारिता क्षेत्र सन्तुलित, मर्यादित, स्वच्छ, निष्पक्ष हुनुपर्नेमा उहाँको सुझाव रहेको थियो ।

प्रेस काउन्सिलको प्रस्तुतिपछि सहभागी पत्रकारहरु विजय विस्फोट, देवेन्द्र चुडाल, पदमभक्त खरेल, बुद्ध योञ्जन, तेजेन्द्र प्रसाई, भावना विद्रोही, रामचन्द्र बस्नेतलगायतले जिज्ञासा तथा सुझावहरु प्रस्तुत गर्नुभएको थियो । कार्यक्रममा प्रेस काउन्सिलका सदस्य सुदर्शन आचार्य तथा वरिष्ठ पत्रकार हरुको सहभागिता रहेको थियो । नेपाल पत्रकार महासंघ काठमाडौं शाखाका सभापति सन्तराम विडारीको सभापतित्वमा सम्पन्न कार्यक्रमको सञ्चालन शाखाका सचिवले गर्नुभएको थियो । कार्यक्रमपछि पार्षदहरुलाई प्रमाणपत्र वितरण गरिएको थियो ।

नियात्रा

# बेलायतको सेरोफेरो–६

**खोमदत्त बराल**

राजनीतिक रुपमा परराष्ट्र मामिलामा समेत भारत परल अवस्था कायम नै भएकोले र राजनीतिले कमजोर पारामा नेतृत्व गर्दा अर्थ नीति पनि प्रशस्त बनेको छ । दलाल नोकर शाही पुजिपति वर्गका हातमा उद्योग व्यवसाय र कृषि व्यवसाय समेत उनीहर कै नियन्त्रणमा भएकोले अर्थनीति समेत अर्ध सामन्ती चरित्रको छ । यसैले अर्ध औपनिवेसिक र अर्धसामन्ती चरित्रको आर्थिक नीति भइञ्जेल मुलुकको स्वतन्त्र रुपमा स्वाधीन अर्थतन्त्रको विकास हुन सक्दैन र राष्ट्रिय स्वाधीनताले स्वभिमानी पाराले आफूलाई उभ्याउन सक्दैन ।

यो ब्रिटीस साम्राज्यले थिचेको अवस्थाले हालमा समेत नेपाललाई आक्रान्त तुल्याएको छ । सोझै नभए पनि हिजोको साम्राज्यवादी थिचोमिचो र दखल हस्तक्षपको परिणति भोगि रहनु परेको छ । कतै घाम नअस्ताउने साम्राज्यवादी देश बेलायत आफ्नो उपयुक्त आकारमा खुम्चे पनि हालमा आफ्ना नागरिकहरुको सेवा सुश्रषा र संरक्षणमा नै खुम्चन पुगेको छ । तर उसले हिजो गरेको खराव कामको परिणति भने नेपालले भोगि रहेकै छ । कान्छाको दीक्षान्त समारोह सकियो । एक जना केरलाके डा. राजेन्द्र कुमार नामक टिचरलाई भेटिएको थियो । डा. राजेन्द्रले कान्छालाई दुई सेमेष्टर पढाएको रहेछ । उसले कान्छाको पढाइ र क्षमतालाई कदर गर्दै डाक्टर पढि हाल्नु पर्ने सल्लाह हामीलाई पनि दिए । पढ्न र बुझ्ने क्षमता राम्रो भएको जानकारी पनि गराए । एकछिन कुराकानी भयो ।

कार्यक्रम सकिएको थियो । हामी पिजा प्यालेसमा पस्यौं एउटा चिकन र एउटा भेज पिजाको आदेश गरियो । एप्पल जुस खाइयो । भिडभाड धेरै थियो । निकै समय लाग्यो । जे होस खाइयो । पौण्ड बुझाइयो । बाहिर निस्कयौं । विनोद न्यौपानेले फोन गरेको थियो । उनकी श्रीमती नर्स छिन् । अस्पतालमा काम गर्छिन । विनोद भन्दा दुई चार साल अघि देखि नै बेलायत आई सकेकि थिइन । विनोदले पनि बैंकको काम छोडेर आएको हो क्यारे । जे भए पनि विजय राउतकोमा गए छ क्यारे । फोन भेटेर फोन पनि गरि हालेछन् । खुशी लाग्यो । साथी भाइ र इष्ट मित्र बेलायतमा प्रशस्त छन् । युवराज संग्रौलाले गोरखा भूतपूर्व राष्ट्रिय सैनिक संघको सल्लाहाकार भएकोले बेलामा आइ एल आर आर को अफिस पनि संगै थियो । धेरै सैनिक संघका योद्धाहरुलाई चिन्छु । सायद गाउँको लाहुरेहरुलाई पनि चिन्छु । भेट्ने काममा नै हिन्दा पनि धेरै समय बित्न सक्छ । बेलायत यो मेरो आगमन पहिलो पटक हो सायद अन्तिम पनि हुन सक्छ । काठमाण्डौबाट बेलायत आएर बस्ने साथीहरु र इष्टमित्र र भेटघाटमा घुम्नेहो भने समयले पुग्दैन ।

२०११/०७/१५

शुभ्रा छोरीको कान्छाको दीक्षान्त समारोहमा बेलायतको चिसो हावा खाने मौका पाइयो । मौकामा चौका भन्छन् । बैलस कार्डिफमा नै दीक्षान्त समारोह रहेछ । कार्डिफ पनि घुम्न आइयो । भव्य भवनको अपूर्व भेला दीक्षान्त समारोहमा हजारौं विद्यार्थी भेला चाहि एउटा मेला जस्तै थियो । काठमाण्डौं तिर आसन ग्रहणका लागि पद प्रतिष्ठा गुण र नाम व्याख्या र विवरण पेश गर्दै घण्टौ समय बिताउने प्रचलन यस समारोहमा थिएन । एक हुल मानिस सिधै डायसमा गए । आ–आफ्नो पद अनुसार पूर्व नै तोकिएको कुर्सीमा गएर बसे । नाम र पद अनुसार कुर्सी छुटयाइएको विवरण पेश गरे । भाषण दुई मिनेट भन्दा बढी कहीं कसैको पनि भएन ।

हजारौ दीक्षीत विद्यार्थीको नाम बोलाउँदा भने समय त्यसले अलि बढी लियो । शपथ ग्रहणमा भाइस चान्सलरले भ्ही वेल्सको भाषामा आफ्नो मन्तव्य पढे । सिध्यायो । विद्यार्थीलाई गायत्री मन्त्र जप गरे । जस्तो पटयार लाग्दो पाराले दोहोऱ्याउँन लगाएनन् । काम सके । कति सजिलो पारा छिटो मिठो । औ पचारिक कार्य कम समियो । केही छिन चौरतिर विद्यार्थीहरुले आफ्नो साथीसंग मिलेर फोटो खिचे खिचाए । आ–आफ्नो डिग्रीको प्रमाण पत्र संकलन गरे गाउन बुझाए । कर्मकाण्ड सकिया । हजारौं विद्यार्थीमा एक जनाले मात्र डिस्टिङ्सन ल्याउने पढाइ र परीक्षा भने साँची नै कडै मान्नु पर्छ ।

विद्यार्थीको परिधान भने औ पचारिक कार्यक्रममा गाउनले मात्र एकरुपता देखाएको थियो । केटाहरुले प्रायः सुट नै लगाएका थिए । तर केटीहरुको आफू खुशी ड्रेस थियो । साडी लाउनेमा कि त उमाजी कि डायसमा बस्ने महिला पाहुनाहरुको पनि दुई चार जनाको मात्र रुचियको विषय बन्यो । दीक्षान्त समारोह भने व्यानर पनि राख्ने चलन रहेन छ ।

कार्यक्रम सकियो । बाहिर निस्कियो । विहान एक एक थान रोटी र एक कप कफी मात्र समय चार बजिसक्यो । आन्द्रा लागे । छुत्ति खेल्न । खाने कुरा खोजियो । पिजा पलेस पसियो । समुन्द्री किनारा । सायद, रामेश्वरको जस्तो समुन्द्र त हो । तर छुट्टिए बसेको सानो भाग । एकछिन किनारा तिर गइयो । पिजा पनि पिजा जस्तो थिएन । सुखा रोटी जस्तो कासा विसा भरमसला केही नलगाएको । भेज पिजा चाहि झन महँगो हुँदा रहेछ । परिवारले अण्डा र चिकन लागएको पिजा खाए । सुन्तलाको रस पनि रस जस्तो मात्र ठगको किसिम उस्तै हुँदो रहेछ । थोर बहुत तरिका मात्र फरक । मानवीय प्रवृति अलि बढी नै हुने । उत्पादन माथिको मूल्य र सेवाको मूल्य भन्दा ठगीको मूल्य उपभोक्ताले बढी तिर्नु पर्ने समय आएको छ । यसैले उपभोक्तावादी समाजमा सभ्य र प्रतिष्ठित समाजको कल्पना गर्न सकिदैन । ठगी गर र आवाद बन । सम्पन्न बन भन्ने प्रवृत्ति विकाश भएको छ ।

दीक्षान्त समारोह सकियो । खाजा खाइयो । समुद्री किनारा घुमियो । हाम्रै क्याम्पस एस भी एकेडेमीमा पढेकी एउटी बहिनी बाग्लुङो एकजना अधिकारी भाइ र अर्को गंगबु बस्न बहिनी गरी कार्डिफेको यस डाउँमा तीन जना भेटिए । उनीहरु पनि समुन्द्री किनारा घुम्दै रहेछन् । केही छिन गफ गाफ पछि छुटियौं । हामी पनि ट्याक्सी टिपेर होटल तर्फ गइयो । होटलमा केही छिन बसियो । कहाँ जाने टाडा जाऔं । समय छैन । कीग्स वे तिर घुम्न गयौं । किंगस वे मा काठमाण्डौको जस्तो प्रशस्त पसल पनि छैनन । मानिसहरु पनि छैनन । यहाँको चिसो ठाउँ । खुला पसल कमै पायन्छन् । ज्यादै चिसो । हामीलाई त थाम्न गाह्रै पर्दो रहेछ । साउनमा पनि चिसो बेल्सको यो कार्डिफ त्यति ठूलो रहेनछ । विहान ९:३० बजे पसल खुल्दो रहेछ । बेलुका पनि ८:०० बजे ने सबै पसल बन्द भइ सक्दा रहेछन् । चोरी डकैती भने काठमाण्डौ झै छैन रहेछ ।

वास्तवमा हाइ हिल लगाउने युवतीहरुलाई एउटा सेरियस समस्या पर्दो रहेछ । विहान स्कुल कलेजमा पसल खोल्न जान ढिला भयो भने हातमा जुत्ता टिपेर कुददा रहेछन् । यस्तो जाडो ठाउँमा पनि युवतीहरु पुरै तिध्राको छाला देखिने गरी छोटा लुगा लगाएको देखिदा हग्नेलाई भन्दा देख्नेलाई लाज भने झै हुने । छातीका सबै भाग उदाङ्ग पारेर नानीको चुस्ने भागलाई मात्र लुगा भित्र राख्दा रहेछन् । चलनको कुरा हो या छाडापनको प्रवृत्ति हो । सबैले चाहि यति सारो खुला हुँदा होइनन् । उदार चित्त भएकै कारण छाती पनि खुला छोडेको होलान । यात्रा भरी देखिएको चमत्कारपूर्ण प्रविधि भनेको हवाइ जहाज नै प्रथम कोटिको हो । एयरपोर्ट इलेक्ट्रिकल यात्रा । तलमाथि चढ्न ओर्लन इलेक्ट्रिक सिडी । इलेक्ट्रिकल सिडी त काठमाण्डौमा पनि पाइन्छ । रेष्ट रुम भित्र पस्यो । अटोमेटिक ढोका खुल्ने बन्द हुने । हात धुन हात अगाडि बढाउन साथ पानी आफै खलल झर्ने । हात धुन साबुन छुट्टै साबुनको धारा हुने । लघु संकातनको लागि जनेन्द्रिय निकाल्न नपाउँदै फल्स गर्त पाइने गरी पानी आउने । ढोका खोल्न, बत्ती बाल्न चीपभुक्त कार्ड भए सबै काम हुने । होटलको कार पार्क भित्र प्रवेश गर्न ढाट खोल्न पनि ड्राइभरले कार्ड लगाएर खोल्ने , यी यस्ता प्रविधिहरु विकास भएका छन् । यी बेलायती, साम्राज्यवादी मात्र होइन रहेछन् विकास पनि गरेका छन् । बेलायतमा बेल्समा प्रायः वेदरको भन्दा पोलेन ग्रैनले भने यहाँ बस्ने मानिसहरुलाई ज्यादै सताउँछ । रुखको पालुवा फेर्दा र फूलफुल्दा साँची नै शरीरलाई असर पार्ने एलर्जी र विविध प्रकारका रोगहरु पनि लाग्ने हुँदो रहेछ । बोट बृक्षहरुको पौल उपलब्धताले पनि राम्रो चाहि गर्दैन भन्ने कुरा साल फुल्दा औले ज्वरो लाग्ने रे । तोरी फुल्दा पनि बारीमा घुम्दा औले ज्वरो आउँछ भन्ने चलन त उहिल्यै देखि थियो । मेघा बसबाट आज इंग्ल्याण्डमा फर्कदै छौ । एघार बजे होटेल चेक आउट हुन्छ । अलिकति ढिलो हुनासाथ भाडा केल्म गर्न सक्छरे । मेघा बसको अफिस यहाँ रहेनछ । असिमले साथीलाई फोन गरेर बेलायतबाटै टिकट काटेर मोबाइलमा इमेल गरि दिन आह्वाएछन् । नभए हामीलाई टिकट पाउन मुस्किलै पर्ने थियो । प्रविधि भनेको आश्चर्य चकित कार्यप्रणाली भन्नु पर्छ । हाम्रो नेपाल । टिकट काट्यो । सिट नम्बर लियो । तीन जनालाई एउटै सिट नम्बर दिन बेर लाउँदैनन् । अनि कमजोर मानिसलाई मुढामा बसाएर यात्रा गराउँछन् । सिट नम्बर पाउने यात्रु धेरै जना भएपनि कम्पनीले टिकट काट्ने मानिसलाई गाली गर्छन । अनि सिट मिलाउनेले माफ साफ माग्छ । अरु मिठो बोलीले कुरा मिलाउँछ । उस्तै कडा भएमा जे गर्छस । पैसा फिर्ता लाने भए पनि दिन्छु भन्छ । आफूलाई हतार हुन्छ । मुढामा बसेर पनि यात्रा गर्छ । इलाम जाने टिकटमा फिक्कल सम्म मात्र त म आफैंलाई पनि पारेका छन् ।



**२०६८/०३/२९ मा**

यति बेला नेपालको विधान सभामा बजेट षण भइ रहेको छ । आफूले त ल्यापटप हेर्न पाएको छैन । भर्खरै बेल्स कर्डिफबाट बेलायतको बुलबीच आइपुगिएको छ । मेघा बस साँची नै समयमा आफ्नो काम गर्न पोख्त रहेछ । ठीक बाह्र बजेर तीस मिनेटमा चलेको गाडी करिव दुइ सय किलो मिटरको दुरी रहेछ । इङ्गलैण्ड र वेल्सको बिचमा लामो पुल रहेछ । त्यहाँ पनि रामेश्वरम्को जस्तो समुन्द्रको पानी कटाएर ल्याएको बताए । जान्ने बुझ्नेले । सेकेण्ड SEVERN Crossing bridge १९९६ मा बनेको । ६ लेनको मोटर बाटो रहेछ । इग्लैण्ड र साउथ वेल्स जोड्छ । ५ किलो मिटर लम्बाइ रहेछ । ब्रीज प्रयोग गर्दा गाडीले चार्ज पौण्ड १७ तिर्नु पर्दो रहेछ ।

विहान हामीले कार्डिफ क्यासेलमा घुम्ने काम गरियौं । वास्तवमा कार्डिफ क्यासेल हेन लायक के ठाउँ रहेछ । चीनको ग्रेडवाल त हेर्न पाइएको छैन । डेनमार्कमा रोजकिल्लामा भएको भब्य क्यासल हेरियो । (क्रमशः)

## अझै...

मा १९.७ प्रतिशत गरिव रहेको प्रतिवेदनले देखाएको छ । सूचकांकले ०–९ वर्ष उमेर समूहका बालबालिका सबैभन्दा गरिब समूहमा परेको देखाएको छ । जसमा ४१.६ प्रतिशत बालबालिका बहुआयमिक गरिबीमा रहेको देखिन्छ ।

## नेपाली...

सञ्चारमाध्यम 'द वायर' सँगको अन्तर्वार्ताका क्रममा रायले नेपालको संविधान लेखनमै समस्या रहेको समेत औंल्याएका छन् । उनले अहिले नेपालको अवस्थालाई जस्ताको तस्तै स्वीकार्नुपर्ने समेत बताएका छन् ।

उनले आजभोलि चिनियाँहरुको अत्यधिक सक्रियता बढेको समेत बताएका छन् । रायले भनेका छन्– नेपालमा एउटा आम धारणा के थियो भने चीनले वाम गठबन्धन तथा एकता चाहन्छ र यसमा पूर्ण रुपमा सहयोग पनि गरिरहेको छ । उनले भार तसँग समस्या आउँदा चीनतर्फ फर्किएर भारतसँगको सम्बन्धलाई नेपालले सन्तुलित बनाउने कोसिस गर्ने गरेको समेत बताएका छन् ।

भारत वाम गठबन्धनलाई सफल हुन नदिन जुनसुकै हत्कण्डा अपनाउन पछि नपर्ने प्रस्ट हुँदैछ । अन्तर्राष्ट्रिय समुदायले उनलाई भाँड्न खोजिरहेको भन्दै एमाले अध्यक्ष ओली र माओवादी केन्द्रका अध्यक्ष प्रचण्डले पत्रकार सम्मेलन नै गरेर यसतर्फ संकेत गरिसकेका छन् । भारतीय पक्ष वाम गठबन्धन बन्नुमा चिनियाँ फ्याक्टरले काम गरेको निष्कर्षमा छ र गठबन्धनप्रति सशंकित बनेको छ । तर ओली र प्रचण्ड दुवैले अन्तर्राष्ट्रिय समुदायलाई गठबन्धन कसैको प्रभावमा परेर नभई राष्ट्रिय आवश्यकता अनुसार बनेको बताउँदै आएका छन् । तर भारत यो भनाइप्रति सहमत नभएको उसका चलखेलहरुले बताइरहेको छ । यद्यपि भारतीय संस्थापन पक्षले निर्वाचनको विषयमा खुलेर प्रतिक्रिया भने दिएको छैन । यद्यपि भारतीय विदेश मन्त्रालयका प्रवक्ताले नेपालको नयाँ सरकारसँग सहकार्य गरेर अगाडि बढ्न चाहेको बताएका छन् । भारतीय सञ्चारमाध्यम र बुद्धिजीवीहरुले नेपालमा चिनियाँ प्रभाव बढेको प्रति चिन्ता व्यक्त गर्दै आएका छन् ।

चीनले भने खुलेरै छिमेक नीतिमा चीनको प्राथमिकता रहेको बताउँदै आएको छ । यसै साता चिनियाँ दुतावासले आयोजना गरेको एक अन्तर्क्रिया कार्यक्रममा चाइनिज एकेडेमी अफ द सोसल साइन्सका वाङ वेगुवाङले छिमेक नीतिमा चीनको प्राथमिकता रहेको भन्दै नेपालप्रतिको प्राथमिकतालाई संकेत गरेका छन् । उनले शक्तिशाली मुलुकले कमजोर राष्ट्रमाथि प्रहार गरे कमजोर राष्ट्रको पक्षमा उभिने बताए । शक्तिशालीले कसैलाई दबाबमा राख्छ भने चीन त्यसको विरोध गर्छ प्रतिवाद गर्छ' भारतप्रति संकेत गर्दै वाङले अगाडि भने– छिमेक नीति चीनको प्राथमिकतामा छ, यसलाई सबैले बुझ्न जरुरी छ । चिनियाँ कम्युनिस्ट पार्टीका प्रभावशाली नेता वाङले विश्व राजनीतिमा चीनले आफ्नो प्रभावलाई बढाउँदै गएको भन्दै सन् १९५० सम्म चीन सम्पन्न तथा आधुनिक शक्तिशाली मुलुक बन्ने दाबी गरे ।

वाम गठबन्धनको सरकार बन्ने तरखर भइरहेका बेला चिनियाँ राष्ट्रपति जिनपिङको नेपाल भ्रमणको विषयमा समेत चर्चा चल्न थालेको छ । दुई वर्षअघि एमाले अध्यक्ष केपी ओली प्रधानमन्त्रीका रुपमा चीन भ्रमण गरेकै समयदेखि सीको नेपाल भ्रमणको चर्चा सुरु भएको थियो । तर ओली नेतृत्वको सरकारलाई भारतले कांग्रेस र माओवादी केन्द्रको नयाँ गठबन्धन बनाएर ढलाएपछि सीको भ्रमण रोकिएको थियो । वाम गठबन्धनको तर्फबाट फेरि ओली प्रधानमन्त्री बन्ने भएपछि सीको नेपाल भ्रमणबारे चर्चा सुरु भएको हो ।

आगामी मार्चमा राष्ट्रपति सी विदेश भ्रमणमा निस्कँदैछन् । सो भ्रमणका क्रममा उनी नेपाल आउने तयारी भइरहेको भनिँदैछ । यस विषयमा चिनियाँ विदेश मन्त्रालयले परराष्ट्र मन्त्रालयलाई जानकारी गराएको परराष्ट्र सम्बद्ध स्रोतले बताएको छ । चिनियाँ राष्ट्रपति नेपाल भ्रमण रोज्न वाम गठबन्धनको सरकार नै बन्न नदिने सकुनी चालमा भारत लागेको छ ।